मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ | अंक २९१ | २०८२ साल भाद्र ३० गते सोमबार | Monday 15, September 2025 | सूर्योदयः बिहान ५:५० बजे | सूर्यास्तः साँझ ६:०९ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## वीरगंज भन्सार सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**
जेन्जी आन्दोलनले अवरुद्ध भएको मुलुकको प्रमुख भन्सार वीरगंज भन्सार आइतबारदेखि पूर्ण रुपमा सञ्चालनमा आएको छ । भन्सारका प्रमुख प्रशासक विष्णुप्रसाद ज्ञवालीले आइतबार भन्सारको कामकाज पूर्ण रुपले सञ्चालन भएको बताए । शनिबार एकैदिन ७ सयदेखि ८ सयको हाराहारीमा मालवाहक सवारी साधन जाँचपास भई भन्सार यार्डबाट बाहिरिएको उनले बताए ।
आन्दोलनको क्रममा भन्सार यार्डमा अड्किएका अधिकांश मालवाहक सवारी साधन बाहिरिसकेको उनले बताए । यो भन्सारमा सामान्य दिनमा भारतबाट दैनिक ४ सयदेखि ७ सयको संख्यामा नयाँ मालवाहक सवारी साधन भित्रिने गर्छ ।

# मैदानमा उत्रिए राजेशमान

**मधेशदृष्टि**
**वीरगंज ।**
अघिल्लो सोमबारदेखि मच्चिएको जेन्जी समूहको आन्दोलनले तहसनहस भएको देश तंग्रिन खोज्दैछ । केन्द्र, प्रदेश र स्थानीय सरकार मात्रै होइन, स्थानीय तहका जनप्रतिनिधिसमेत छानिछानी निशानामा पारिएपछि अहिलेसम्म जनप्रतिनिधि मोबाइल अफ गरेर बसेका छन् । कतिको फेसबुक नै डिएक्टिभ छ । फोन अफ छ । ह्वाट्स एप पनि चलाएका छैनन् । तर आन्दोलनको सातौँ दिनमै वीरगंज महानगरपालिकामा प्रमुख राजेशमान सिंह वीरगंज फेरि बनाउने अठोटसहित मैदानमा उत्रिएका छन् ।




आफ्नै निजी निवाससमेत आन्दोलनकारीको निशानामा परेर खरानी बनेको छ । आन्दोलनकारीले चम्चा पनि नछाडी लुटपाट गरेका छन् । महानगरको आधादर्जन भवन जलेको छ । ८ करोड रुपैयाँको सवारी साधन नै खरानी बनाइएको छ । फेरि पनि हिम्मतका साथ नगरप्रमुख सिंह आइतबार मैदानमा उत्रिए । उनले भने, 'वैभव वीरगंज बनाउने सपनाबाट विचलित छैन, केही विलम्ब होला तर सपना पूरा गर्न अरु कठोर मेहनत गर्नेछु ।'
जेन्जी आन्दोलनपछि पहिलो पटक वीरगंज महानगरपालिकाका प्रमुख सिंह आइतबार कार्यालय पुगे । खासमा उनी आन्दोलनका बेला देश बाहिर थिए । देश फर्किएपछि उनी अरुजस्तो काठमाडौँमा 'अण्डरग्राउन्ड' भएर 'रिफ्रेस' हुन लागेनन् । वीरगंज आए र आइतबार महानगर पुगेर आन्दोलनका क्रममा प्रदर्शनकारीले जलाएका कार्यालयका संरचना, गाडी र अन्य सामग्रीको स्थलगत अवलोकन गरे ।
उनले जापानमा हुँदै कर्मचारीलाई काममा उत्रन निर्देशन दिएका थिए । नगर प्रहरी लुटपाटका सामान फिर्तामा जुटेका थिए । सफाइ कर्मचारी महानगरको खरानी उठाउन खटिएको थियो । अरु कर्मचारी पनि विभागअनुसार क्षति विवरण उठाउँदै सम्भावित सेवाप्रवाहबारे सक्रिय भइसकेका थिए । महानगरको मुख्य प्रशासनिक भवनमा पुगेर प्रमुख सिंह, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत बस्ने कोठासहितका क्षतिग्रस्त स्थान निरीक्षणमा सरिक भए । कार्यालयका सेवा छिट्टै सञ्चालन गर्ने विषयमा कर्मचारीहरूसँग छलफल गरे ।
आन्दोलनक्रममा प्रदर्शनकारी युवाले छानिछानी नेताहरूका निजी सम्पत्ति र सार्वजनिक संरचनामा तोडफोड गरेका थिए । प्रमुख सिंहले जनतासँग प्रत्यक्ष सरोकार राख्ने अत्यावश्यक सेवा तत्काल सञ्चालन गर्न कर्मचारीलाई निर्देशन दिए । उनले प्रशासनिक भवन पूर्णरूपमा क्षति भएको हुँदा कार्यालय सञ्चालन भने थप चुनौतीपूर्ण रहेको बताए ।
आन्दोलनका नाममा सार्वजनिक सम्पत्ति जलाइएकामा दुःख व्यक्त गर्दै उनले भने, 'आन्दोलनको नाममा लुटपाटसमेत भएको देखिन्छ । चोरी भएका थुप्रै सामान फेला परेका छन् । सार्वजनिक सम्पत्ति जलाउने कार्य जेन्जी पुस्ताले गरेको होइन, यसमा घुसपेठ भएको हुनसक्छ ।' प्रमुख सिंहले अत्यावश्यक सेवा छिट्टै सुचारु गर्न महानगरको टिम लागिसकेको बताए । भने, 'महानगरले चाँडै सेवा शुरु गर्नेछ ।'

**• अझै कर्फ्यु र निषेधाज्ञा**
शान्ति सुरक्षालाई मध्यनजर गर्दै पर्सा जिल्ला प्रशासन कार्यालयले वीरगंजका केही क्षेत्रमा कर्फ्यु र निषेधाज्ञा जारी गरेको छ । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीद्वारा आइतबार जारी सूचनाअनुसार, दुई स्थानलाई दङ्गाग्रस्त क्षेत्र घोषणा गरिएको छ ।
जिल्ला सुरक्षा समितिको निर्णयअनुसार तोकिएका क्षेत्रमा बिहान ११ बजेदेखि राति ९ बजेसम्म निषेधाज्ञा लागू हुनेछ । यसअनुसार पाँच जनाभन्दा बढी भेला हुन, जुलुश, प्रदर्शन वा सभा गर्न अनुमति छैन । अर्को आदेश नभएसम्म हरेक राति ९ बजेदेखि बिहान ५ बजेसम्म कर्फ्यु लागू रहनेछ । कर्फ्यु क्षेत्र पूर्वमा बाइपास रोडसम्म, पश्चिममा सिर्सिया पुल, उत्तरमा गण्डक चोक र दक्षिणमा शंकराचार्य गेटसम्म तोकिएको छ । कर्फ्यु समयमा एम्बुलेन्स, दमकल, स्वास्थ्यकर्मी, सञ्चारकर्मी र अत्यावश्यक सेवा सवारी साधनलाई आवतजावतको अनुमति दिइने प्रशासनले जनाएको छ ।
**साथै,** जिल्ला सुरक्षा समितिले 'स्थानीय प्रशासन ऐन, २०२८' बमोजिम घण्टाघर चोकदेखि गण्डक चोकसम्मको राजमार्ग क्षेत्र र पर्सा कारागार कार्यालय तथा कम्पाउन्डभित्रको क्षेत्रलाई दङ्गाग्रस्त घोषित गरेको छ । प्रशासनले यी आदेश उल्लङ्घन गर्नेहरूलाई प्रचलित कानूनअनुसार कारबाही गरिने चेतावनी पनि दिएको छ ।

**• जनजीवन सामान्य बन्दै**
जेन्जी समूहको आन्दोलन र प्रदर्शनका कारणले अस्तव्यस्त भएको पर्साका गतिविधि सामान्यतर्फ फर्किन लागेको छ । भदौ २३ र २४ गतेको विषम परिस्थितिले यहाँको सरकारी कार्यालयको सेवा प्रवाह र विद्यालयको पठनपाठन कार्य ठप्पजस्तै रहेको थियो । तर, यहाँको अवस्था क्रमशः सुधारोन्मुख देखिँदै गइरहेको छ ।
पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले आजदेखि जिल्लाका सबै सरकारी कार्यालयले नियमित रूपमा सेवा प्रवाह गर्नका लागि अनुरोध गरिएको जानकारी दिए । त्यसैगरी, वीरगंज महानगर शैक्षिक प्रशासन महाशाखाले पनि आइतबारदेखि विद्यालय खोलेर आवश्यक सरसफाइका काम अघि बढाउन अनुरोध गरेको छ । महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले आइतबार विद्यालय खोलेर विद्यालयको कक्षाकोठा तथा शौचालय सरसफाइ गर्न अनुरोध गरे । जिल्ला प्रशासन कार्यालयले पनि शनिबारदेखि निषेधाज्ञाको समय बढाएर रातको समयमा मात्र कर्फ्यु कायम राखेको छ । यहाँको बजार क्षेत्रमा पनि सर्वसाधारणको चहलपहल पनि बिस्तारै बढ्दै गइरहेको छ ।

## मेरो घरमा नियोजित आक्रमण होः यादव



जनत समाजवादी पार्टीका उपमहासचिव तथा पूर्व खानेपानी मन्त्री प्रदीप यादवले आफ्नो वीरगंजस्थित घरमा भएको आगजनीको दोष जेन्जी आन्दोलनकारीलाई नभई नियोजित रूपमा घुसपेठियामाथिलगाएका छन् । जेन्जी आन्दोलनपछि उत्पन्न तनावपूर्ण परिस्थितिपछि पहिलोपटक गृह जिल्ला पर्सा पुगेका नेता यादवले स्थानीय पत्रकारहरूसँग कुराकानी गर्दै आन्दोलनको समर्थन आफूले शुरु दिनदेखि नै गरेको स्पष्ट पारे । उनले देशमा स्थापित संघीयता, लोकतन्त्र र पहिचान जोगाउन सबैले संवेदनशील हुनुपर्नेमा जोड दिए । राजनीतिक यात्राको सुरुवात मधेश आन्दोलनबाट गरेका यादवले आगामी यात्रा पनि पहिचानको राजनीतिमा समर्पित रहने प्रतिवद्धता जनाए । जेन्जी आन्दोलनक्रममा प्रदर्शनकारीको समूहले मन्त्रीमा बहाल रहेकै बेला यादवको घरमा पनि निशाना बनाएको थियो ।

## राष्ट्रियसभा, प्रदेशसभा र स्थानीय तह विघटन हुनुपर्छः साह



**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले राष्ट्रियसभा, प्रदेशसभा र स्थानीय सरकार पनि विघटन गर्न माग गरेका छन् ।
काठमाडौँमा सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिदै अध्यक्ष साहले अहिलेकै संविधान, व्यवस्था र प्रणालीलाई स्वीकार गरेर केबल सरकार बदल्ने सम्झौता जेन्जी आन्दोलनसँग धोखा भएको टिप्पणी गरेका छन् ।
सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले जनविद्रोहमार्फत कांग्रेस, एमालेको अलोकतान्त्रिक, अंवैधानिक गठबन्धनको अपवित्र सरकार, संसद र संविधानलाई अस्वीकार गरिसकेको सन्दर्भमा फेरि उही संसद र संविधानमा टेकेर अगाडि बढ्ने कुरा गर्नु जनादेशको अपमान हुने उनले बताए ।
'वर्तमान सरकारको गठन र संसदको विघटनलाई अलोकतान्त्रिक एवम् असंवैधानिक भन्नेहरूसँग मेरो प्रश्न छ, २०४६ सालको अन्तरिम सरकार र संविधान, २०६३ सालको अन्तरिम सरकार र संविधान कुन संविधान अनुसार भएको थियो तथा २०७० सालमा खिलराज प्रधानमन्त्री कुन विधिविधान अन्तर्गत भएको थियो ?,' साहले प्रश्न गरे ।
नेपाली जनताले अहिलेको संविधान र गठबन्धनको अपवित्र सरकार दुवै अस्वीकार गरिसकेकाले संविधानको रटान लगाउनुको कुनै औचित्य नभएको बताउदै उनले राष्ट्रियसभा, प्रदेशसभा र स्थानीय सरकार समेत विघटन गरेर नयाँ संविधान निर्माणको दिशामा अगाडि बढ्नुको विकल्प नभएको बताए ।

## जनमतमा पनि आन्तरिक सुधार गरिने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
मधेश प्रदेश सरकारबाट फिर्ता भएको जनमत पार्टीको नियमित केन्द्रीय सचिवालय आइतबार काठमाडौँमा भएको छ । बैठकपछि अध्यक्ष सिके राउत सचिवालय फेसबुक पेजमा भने त्यस्तो कुनै आधिकारिक विषय उल्लेख गरिएको छैन ।
बैठक भएको र बैठकमा जेनजी आन्दोलनक्रममा शहादत प्राप्त गरेकाप्रति श्रद्धाञ्जली व्यक्त गरिनुका साथै मृतकको परिवारमा समवेदना प्रकट गरिएको उल्लेख छ । यस्तै, जेन्जीको आन्दोलनको माग जनमतको 'नौलो गणतन्त्र'को अवधारणाको रूपमा पहिलादेखि नै जनमतले उठाएको दाबी गरिएको छ । बैठकमा जनमतले उठाएको मागमा राज्यले कुनै सुनुवाइ नगरेको र अन्ततः जेनजीको आन्दोलन विष्फोट भएको निष्कर्ष निकालिएको बताइएको छ ।
बैठकमा आन्दोलनमा भएका घाइतेको उपचारका लागि सरकारले पूर्णतः जिम्मेवारी लिनु पर्ने र आन्दोलनलाई दीर्घकालीन् रूपमा सफल बनाउन लाग्नु पर्ने प्रस्तावसमेत पारित भएको बताइएको छ । जेन्जीका युवाको मागबमोजिम जनमत पार्टीमा समेत आन्तरिक सुधार गर्दै युवालाई प्राथमिकता दिने प्रतिबद्धता जाहेर गरिएको छ ।

## मधेशकी छोरी महान्यायाधीवक्ता

**मधेशदृष्टि**
**रौतहट ।**
प्रथम महिला प्रधान न्यायाधीशपछि प्रथम महिला प्रधानमन्त्रीको इतिहास बनाएकी प्रधानमन्त्री सुशीला कार्कीले महान्यायाधीवक्तामा पनि प्रथम महिलाको इतिहास बनाएकी छिन् । आइतबार महान्यायाधीवक्ता रमेश बडालको राजीनामापछि प्रधानमन्त्री कार्कीले आफ्नो कानूनी सल्लाहकारका रुपमा नेपाल सरकार महान्यायाधीवक्तामा वरिष्ठ अधिवक्ता सविता भण्डारी बराललाई नियुक्तिको सिफारिस गरेकी हुन् । राष्ट्रपतिको कार्यालयले बराललाई न्यायाधीवक्ता नियुक्त गरेको छ ।



बराल रौतहटको गौर नगरपालिका वडा नम्बर ८ कि हुन् । मधेशबाट देशलाई पहिलो महिला न्यायाधीवक्ता चयन भएपछि मधेशमा बरालको प्रशंसा भएको छ । नेपाल पत्रकार महासंघ रौतहटका पूर्वअध्यक्ष प्रेमचन्द्र झाले भने, 'मधेशले न्यायाधीवक्ता पाएको छ, मधेश र देश बुझेका महिला त्यो ठाउँमा पुग्नु खुशीको कुरा हो ।'
उसो त भण्डारीको परिवार कानूनी पृष्ठभूमिको हो । उनी वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीका छोरी हुन् । भण्डारी ९९ वर्षको उमेरमा पनि अहिलेसम्म सार्वजनिक सरोकारका विषयमा उस्तै सक्रिय छन् । उनी नेपाली कानूनी इतिहासका पहिलो पुस्ताका कानून व्यवसायी हुन् । भण्डारी तिनै पात्र हुन्, जो पहिलो प्रतिनिधिसभा विघटन मुद्दामा बहस गर्दा 'बाजे वकिल' भनेर चर्चामा आएका थिए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले 'बाजे वकिललाई इजलासमा उभ्याएर तमासा गरे' भनेका थिए । भ्रष्टाचार, विकृति, विसंगतिमा फसेको न्यायलय शुद्धीकरणका लागि भइरहेको आन्दोलनमा वरिष्ठ अधिवक्ता भण्डारी उपस्थित हुने गर्थे । उनै अनुभवी इतिहास भएको र कानून बुझेको परिवारको घरानाकी छोरी नेपाल सरकारको न्यायाधीवक्ता भएकी हुन् । बरालले यसअघि राष्ट्रिय सूचना आयोगको आयुक्त भएर पनि काम गरेकी छन् ।

# चुनाव त गराउने, आन्दोलनकारी नै भोट हाल्न छुट्ने ?

*निर्वाचन आयोग ऐनको दफा ४ को उपदफा (२) मा 'निर्वाचनको मिति घोषणा भइसकेपछि निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता गरिनेछैन' भन्ने उल्लेख भएकाले संशोधन जरुरी भएको हो । यदि यस्तो भएमा परिवर्तनकारी जेन्जी विद्रोह गरेको पुस्ताका (सन् १९९७ देखि २०१२ बीचमा जन्मिएका) अधिकांशको मतदाता नामावलीमा नाम नभएकाले उनीहरूको मताधिकार छुट्न सक्ने देखिएको छ ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
निर्वाचन आयोगले ६ महिनाभित्र प्रतिनिधि सभाको चुनाव गराउन सकिने जनाएको छ । आयोगले नयाँ मतदाता नामावली सङ्कलन गरेरसमेत फागुन २१ गतेभित्र चुनाव गराउन सकिने जनाएको हो । निर्वाचन आयोग नेपालका सूचना अधिकारी सुमन घिमिरेले निर्धारित अवधिभित्रै चुनाव गराउन आयोग तयार रहेको बताए । 'फागुन २१ गते भनेको झण्डै ६ महिना समयावधि हो । सामान्यतयाः अन्तरराष्ट्रिय मापदण्डमा पनि १ सय २० दिनअघि निर्वाचन घोषणा भएपछिको अवधिलाई निर्वाचन अवधि भन्छौं,' उनले भने, 'त्यति समयभित्र निर्वाचन सम्पन्न गरेको अनुभव छ, गर्न सक्छौँ पनि ।'आयोगले नयाँ मतदाता नामावली सङ्कलन गर्ने निर्णय भए पनि काम गर्न सकिने तर मतदाता नामावली ऐन, २०७३ भने संशोधन गरिनु पर्ने जनाएको छ । ऐनको दफा ४ को उपदफा (२) मा 'निर्वाचनको मिति घोषणा भइसकेपछि निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता गरिनेछैन' भन्ने उल्लेख भएकाले संशोधन जरुरी भएको हो । यदि यस्तो भएमा परिवर्तनकारी जेन्जी विद्रोह गरेको पुस्ताका (सन् १९९७ देखि २०१२ बीचमा जन्मिएका) अधिकांशको मतदाता नामावलीमा नाम नभएकाले उनीहरूको मताधिकार छुट्न सक्ने देखिएको छ । आयोगका अनुसार, निर्वाचनमा करिब ६५ प्रकारका सामग्री व्यवस्थापन आवश्यक हुने तर सहजै व्यवस्थापन गरेर चुनावमा आयोग तयार छ ।

# सार्वजनिक सवारीसाधन देशभर सञ्चालन



**मधेशदृष्टि**
**काठमाडौँ ।**
यही भदौ २३ र २४ गतेको जेन्जी प्रदर्शनका कारण रोकिएका सार्वजनिक सवारीसाधन देशभर सञ्चालन गरिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माको अध्यक्षतामा आइतबार सिंहदरबारमा बसेको बैठकले प्रदर्शनका कारण रोकिएका सार्वजनिक सवारीसाधनलाई देशव्यापी रूपमा सञ्चालन गर्ने निर्णय गरेको हो ।

बैठकमा प्रदर्शनका कारण एक सातादेखि काठमाडौंसहित विभिन्न स्थानमा रोकिएका सार्वजनिक सवारीसाधनलाई देशव्यापी रूपमा सञ्चालन गर्ने निर्णय भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले जानकारी दिए । दसैँ, तिहार छठ पर्व नजिकिएसँगै घर जाने यात्रुका लागि अग्रिम टिकट बुकिङ खुला गर्न यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलको संयोजकत्वमा यातायात व्यवसायी, मजदुर तथा ट्राफिक प्रहरी रहनेगरी समिति गठन गरिएको महासङ्घका वरिष्ठ उपाध्यक्ष सिटौलाले बताए ।

# लाइसेन्स छपाइ र वितरण अनिश्चितकालका लागि स्थगित



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइ र वितरणको काम अनिश्चितकालका लागि रोकिएको छ ।
यातायात व्यवस्था विभागले आइतबार एक सूचना जारी गर्दै अर्को सूचना जारी नभएसम्मका लागि सवारी चालक अनुमतिपत्र छपाइ तथा वितरण लगायतको सूचना प्रविधिसम्बन्धी सबै प्रणाली बन्द हुने जानकारी गराएको छ । यातायात व्यवस्था विभागको संरचनामा तोडफोड, आगजानी तथा चोरी÷लुटपाटबाट इलेक्ट्रोनिकउपकरण, छपाइ मेशिन तथा सर्भरमा क्षति पुग्न गएकाले सेवा अवरुद्ध हुन पुगेको विभागले बताएको छ ।

'सवारी चालक अनुमतिपत्र तथा विद्युतीय सवारी साधन दर्ता (EDLVRS) सम्बन्धी सेवा अवरुद्ध हुन पुगेको विषम परिस्थितिमा अर्को सूचना नभएसम्मको लागि सवारी चालक अनुमतिपत्र छपाइ तथा वितरण लगायतका सुचना प्रविधिसम्बन्धी सम्पूर्ण प्रणाली बन्द रहने बेहोरा जानकारीका लागि अनुरोध छ,' विभागको सूचनामा भनिएको छ ।

# चौधरीले छोडे नाउपा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरीले सो पार्टीबाट आफू अलग भएको घोषणा गरेका छन् ।
व्यक्तिगत अहङ्कार र स्वेच्छालाई जित्न नसकेको भन्दै उनले नागरिक उन्मुक्ति पार्टीबाट अलग भएको घोषणा सामाजिक सञ्जालमार्फत गरे ।

पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ र नेता दामोदर पण्डितसँग आफ्नो कुनै पनि दुश्मनी नरहेको जिकिर गर्दै उनले पार्टीमा रहेका फटाहाहरूको कारण व्यक्तिगत रूपमा अल्मलिनुभन्दा बाटो बद्लेको बताए ।

नागरिक उन्मुक्ति पार्टीभित्र पछिल्ला दिनमा भएको आन्तरिक विवादलाई आफूले सम्झन पनि नचाहेको उनले उल्लेख गरे ।
आफू राजनीतिक व्यक्ति रहेका कारण पार्टी बिना बस्न नसुहाउने भन्दै उनले आजको दिनबाट नयाँ दल र सङ्गठन निर्माणमा जुट्ने बताए ।

# गम्भीर घाइतेको नारायणी अस्पतालमा शल्यक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज कारागारबाट जेन्जी आन्दोलनको निहुँमा भाग्ने प्रयास गर्दा प्रहरीको गोली लागेर गम्भीर घाइते भएका तीन जना कैदी र एक जना प्रदर्शनकारीको नारायणी अस्पतालमा सफल शल्यक्रिया गरिएको छ । घाइते कैदीहरूमा बाराका २० वर्षीय विकास जयसवाल, ३२ वर्षीय सञ्जीव साह र विकास लामा रहेका छन् । नारायणी अस्पतालका प्रवक्ता डा. उदय नारायण सिंह र इमर्जेन्सी मेडिकल अधिकृत डा. अभिनाश श्रीवास्तवका अनुसार आन्दोलनका क्रममा प्रदर्शनकारी, सुरक्षाकर्मी, र कैदीहरू गरी कुल २७ जना घाइतेको अस्पतालमा सफल उपचार गरिएको छ ।

# उपमेयर बानियाँमाथि हातपात गर्ने पक्राउ

**मधेशदृष्टि**
**हेटौंडा ।**
हेटौँडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँमाथि हातपात गरेको अभियोगमा एक जना पक्राउ परेका छन् । आइतबार बिहान हेटौँडा–१ बुद्धचोकमा उपमेयर बानियाँ माथि आक्रमण भएको हो । आक्रमणबाट उपमेयर बानियाँलाई सामान्य चोट लागेको मकवानपुर प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक विश्वराज खड्काले आक्रमणमा संलग्न हेटौँडा–२ निवासी ५१ वर्षीय पुरुषोत्तम खड्कालाई पक्राउ गरिएको बताए । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मृतकको सख्या ७२ पुग्यो

**मधेशदृष्टि**
**काठमाडौँ ।**
'जेन्जी'ले गरेको प्रदर्शनका क्रममा देशभर मृत्यु हुनेको सख्या ७२ पुगेको छ । तीन प्रहरीसहित ७२ जनाको मृत्यु भएको हो ।

आइतबार नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको भदभार ग्रहण कार्यक्रममा मुख्यसचिव एकनारायण अर्यालले मृत्युको संख्याबारे जानकारी गराए । मृतक सबैलाई सहिद घोषणा र उनीहरूका परिवारलाई जनही १० लाख रुपैयाँ क्षतिपूर्ति दिने निर्णय समेत गरिएको छ । त्यस्तै, घाइतेहरूको निशुल्क उपचार गर्ने निर्णय भएको र त्यही अनुसार उपचार गर्ने काम भइरहेको उनले बताए ।

# भाटभटेनीमा ६ वटा शव फेला

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौंको चुच्चेपाटीस्थित भाटभटेनी सुपरमार्केटमा ६ शव फेला परेको छ । पूर्ण रूपमा जलेको भाटभटेनीको स्टोर सफा गर्ने क्रममा शव फेला परेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी अपीलराज बोहोराले जानकारी दिए । शवको पहिचान खुलेको छैन । यही भदौ २३ गतेदेखि 'जेन्जी'को प्रदर्शनका क्रममा देशभर जनधनको ठूलो क्षति भएको छ । भदौ २४ गते देशभर तोडफोड र आगजनी गरिएको थियो ।

# बाल दिवसका अवसरमा राष्ट्रपतिको शुभकामना

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रिय बाल दिवसका अवसरमा समस्त नेपाली बालबालिका तथा अभिभावकहरूमा शुभकामना व्यक्त गरेका छन् । नेपालले बाल अधिकार सम्बन्धी महासन्धी अनुमोदन गरेको दिनलाई आधार मानी हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाउँदै आएको छ । यस वर्षको बालदिवसका नारा 'बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी' भन्ने रहेको छ । राष्ट्रपति पौडेलले सन्देशमा बाल दिवसले बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा एवम् विकासमा ध्यान दिँदै आवश्यक लगानीको सुनिश्चितता प्रदान गर्ने अपेक्षा गरिएको बताए ।

# सुमनाले छोडिन् रास्वपा

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेत्री तथा पूर्व शिक्षामन्त्री सुमना श्रेष्ठले पार्टी छोडने घोषणा गरेकी छन् । उनले कहिलै गल्ती नस्वीकार्ने र गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनु पर्ने भन्दै पार्टी छोडेको घोषण गरेकी हुन् । पार्टीभित्र आलोचना गर्नेहरुका विरुद्धमा मिडिया ट्रायल गरेको उनको आरोप छ । उनले कांग्रेस एमाले लगायतका पार्टीका तेस्रो पुस्ताका नेताहरू पनि सोच्न आग्रह गरिन् ।

# दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति गर्न आग्रह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको सहज आपूर्ति सुनिश्चित गर्न सरोकारवाला सबैलाई आग्रह गरेको छ ।
विभागले आइतबार सूचना जारी गर्दै हालैका आन्दोलनबाट सिर्जित विषम परिस्थिति सामान्यीकरण हुँदै गएकाले दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको सहज आपूर्ति सुनिश्चित गर्न र वस्तु सञ्चित नगर्न व्यवसायीलाई आग्रह गरेको हो । विभागले उपभोक्ता हित संरक्षणका लागि वस्तु सञ्चित नगर्न–नगराउन निजी क्षेत्र र आवश्यकता भन्दा बढी खरिद नगर्न उपभोक्तालाई अनुरोध गरेको छ ।

# सरकारी कार्यालयमा आगजनी गर्ने अपराधीलाई छाडिन्नः प्रधानमन्त्री



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले सर्वोच्च अदालत लगायत सरकारी कार्यालयमा आगजनी गर्ने अपराधीलाई नछाड्ने बताएकी छन् । आइतबार पदभार ग्रहणपश्चात कर्मचारीलाई सम्बोधन गर्दै उनले सर्वोच्च अदालत जलेर भष्म भएको र अपराधीले हामीमाथि गरेको चुनौती भएको बताइन् । उनले भूकम्पपश्चात आफू न्यायाधीश हुँदा रेट्रोफिटिङ पश्चात बनाएको र प्रयोग नहुँदै ध्वस्त भएको उल्लेख गरिन् ।
सिंहदरबार, सर्वोच्च अदालत जल्दा महत्वपूर्ण कागजात जलेर नष्ट भएको भन्दै उनले चिन्ता व्यक्त गरिन् । भवन जल्नुभन्दा पनि महत्त्वपूर्ण कागजात जल्दा शून्य अवस्थामा पनि पुर्याएको बताइन् । उनले व्यक्तिका घर र सम्पत्ति आगजनी गरेर २४ गते आतंक फैलाइएको उल्लेख गरिन् । उनले सरकारी तथा व्यवसायी, उद्योगीको सम्पत्ति समेत क्षति भएको बताइन् । उनले उद्योगी व्यवसायीलाई सरकारले लोन दिएर हुन्छ कि के गरेर हुन्छ प्रोत्साहन गर्नुपर्ने धारणा राखिन् ।

# अठोटका साथ काम गर्न निर्देशन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले सृजनात्मक युवापुस्ताको सोचबमोजिम भ्रष्टाचार अन्त्य, सुशासन र आर्थिक समानता दिन अठोटका साथ काम गर्न निर्देशन दिएकी छन् । सिंहदबारमा आइतबार पदबहालीपछि उच्च पदस्थ कर्मचारीलाई निर्देशन दिँदै उनले आफू पदको रसास्वादन गर्न नभई युवाको चाहनाबमोजिम सेवा गर्न आएकाले छ महिनाभित्र निर्वाचनबाट नयाँ संसद्लाई जिम्मेवारी दिने उदेश्यका साथ आएको स्पष्ट गरिन् । प्रधानमन्त्री कार्कीले क्षतिपूर्ति र पुनःनिर्माणका काम देशमा उपलब्ध स्रोतसाधन प्रयोग गरेर बनाउनुपर्छ भन्ने आफूलाई लागेको बताउँदै यो मुलुकविरुद्ध गरेको नृशंस कार्यको एकताबद्ध भएर, जनतालाई गुहारेर सामना गर्नुपर्र्नेमा जोड दिइन् । मुख्यसचिव एकनारायण अर्यालले क्षति भएका सरकारी संरचनाको पुनःस्थापना गरी सेवा प्रवाहलाई निरन्तरता दिनुपर्ने चुनौती रहेको बताए । उनले सबै जिल्लाका सरकारी कार्यालय र सुरक्षा निकायका भवनमा क्षति भएको जानकारी दिँदै पुनःसंरचनाका लागि बजेटको व्यवस्था गरी प्राथमिकताका आधारमा पुनःनिर्माण गर्नुपर्ने आवश्यकता औँल्याए ।

# सरकारको भुक्तानी प्रणाली सुचारु

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल सरकारको भुक्तानी प्रणाली सुचारु भएको छ । अर्थ मन्त्रालयका प्रवक्ता तथा सहसचिव टंकप्रसाद पाण्डेयका अनुसार सरकारले आइतबारदेखि भुक्तानी दिने काम थालिसकेको छ । उता, राजस्व संकलनको काम समेत सुचारु भएको छ । धेरैजसो भन्सार विन्दु सञ्चालनमा आएका छन् । पूर्णक्षति भएका केही आन्तरिक राजस्व कार्यालयबाहेक अन्य कार्यालय समेत सञ्चालनमा आइसकेको प्रवक्ता पाण्डेयले जानकारी दिए ।
अर्थ मन्त्रालय मातहत १४ वटा आन्तरिक राजस्व कार्यालय र ५ भन्सार कार्यालयमा जेन्जी आन्दोलनकारीले तोडफोड गरेका थिए ।

चार आन्तरिक राजस्व कार्यालय र चार भन्सार कार्यालयमा भने आंशिक क्षति भएको छ । सरकारको भुक्तानी सुचारु भएसँगै सरकारको ढुकुटीबाट तलब–भत्ता पाउने सबै कर्मचारीले दशैं अगाडि नै तलब–भत्ता पाउने भएका छन् ।

# 'प्रतिनिधि सभा विघटन अलोकतान्त्रिक'

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसले प्रतिनिधि सभा विघटनको कार्य पूर्ण रूपमा अलोकतान्त्रिक र असंवैधानिक भएको बताएको छ । कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले आइतबार पार्टीको तर्फबाट ६ बुँदे धारणा सार्वजनिक गर्दै संविधान बमोजिम जनताबाट लोकतान्त्रिक विधि अनुसार निर्वाचित देशकै सर्वोच्च प्रतिनिधिमूलक संस्था प्रतिनिधि सभाको विघटनको कार्य पूर्ण रूपमा अलोकतान्त्रिक र असंवैधानिक भएको बताए । यस कार्यले देशको संविधान, संविधानद्वारा प्रत्याभूत नागरिक अधिकार, संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन व्यवस्था र समावेशी चरित्रको राज्य निर्माण गर्ने संविधानको भावनामा कुठाराघात भएको उनको भनाइ छ ।

# अझै २ हजार १ सय थुनुवा फरार

**मधेशदृष्टि**
**काठमाडौँ ।**
'जेन्जी' आन्दोलनको मौकामा भागेकामध्ये ३ हजार ७ सय २३ कैदीबन्दी पक्राउ परेका छन् । देशभरका विभिन्न कारागारबाट गरी १० हजार ३ सय २० कैदीबन्दी फरार रहेकामा आइतबार दिउँसोसम्म ३ हजार ७ सय २३ जना कैदीबन्दी पक्राउ गरी कारागारमा पुर्याएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवम् प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए ।



अझै धेरै कैदीबन्दी जेल बाहिर रहेकोले सर्तकता अपनाउनुपर्ने उनको भनाइ छ । प्रवक्ता घिमिरेका अनुसार कतिपयलाई भारत भाग्न खोजिरहेको अवस्थामा भारतीय प्रहरीले समातेर फिर्ता गरेका छन् भने कतिपयलाई सेना, प्रहरी र सशस्त्र प्रहरीले पक्राउ गरेका हुन् । कतिपय आफैँ फिर्ता भएर कारागार पुगेका छन् । प्रहरीका अनुसार अझै २ हजार १ सय थुनुवा फरार छन् ।

# रेल्वे प्रहरी चौकी पुनः सञ्चालनतर्फ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हालै सम्पन्न जेन्जी आन्दोलनका क्रममा आगजनीका कारण क्षतिग्रस्त बनेको जनकपुरधाम–१ स्थित रेल्वे प्रहरी चौकी पुनः सञ्चालनमा ल्याउने पहल शुरु भएको छ । स्थानीय समुदायको सक्रियता र सम्बन्धित निकायहरूको सहकार्यले प्रहरी चौकी फेरि कामकाज गर्न सक्ने अवस्थामा पुग्दै छ ।
स्थानीय युवा, समाजसेवी, सर्वसाधारण र विभिन्न संघसंस्थाले आवश्यक सामग्री उपलब्ध गराएर प्रहरी चौकीलाई सहयोग गरेका छन् ।
फर्निचर, इलेक्ट्रोनिक उपकरणदेखि लिएर दैनिक प्रशासनिक कामकाजका लागि जरुरी सामग्रीसम्म जुटाइएको छ । यसले प्रहरीलाई शान्ति–सुरक्षाको जिम्मेवारी निर्वाह गर्न सहज बनाउने विश्वास व्यक्त गरिएको छ । सहयोग कार्यक्रमका क्रममा बोल्दै जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष जीतेन्द्र महासेठले समुदाय र प्रहरीबीचको सहकार्य शान्ति–सुरक्षाको मूल आधार भएको बताए । 'समुदायले साथ दिए मात्र शान्ति कायम हुन्छ । यस कदमले सामाजिक सद्भाव र आपसी विश्वास बढाएको छ,' उनले भने । महासेठका अनुसार आन्दोलनपछिको पुनर्निर्माणमा देखिएको सामुदायिक सक्रियताले प्रशासनलाई बल पुर्याउने मात्र नभई नागरिकहरूमा जिम्मेवारीबोध र सुरक्षाप्रतिको विश्वास पनि सुदृढ बनाएको छ । युवाहरूको सक्रिय सहभागिताले प्रहरी र समुदायबीचको दूरी घटाएको र प्रशासनिक काममा पारदर्शिता बढाएको स्थानीयले अनुभूति गरिरहेका छन् । सुरक्षा निकायहरूले पनि समुदायबाट प्राप्त सहयोगको प्रभावकारी उपयोग गर्दै तालिम, व्यवस्थापन र समन्वय प्रणालीलाई सुधार गर्ने योजना अघि सारेका छन् । सुरक्षा सरोकारवालाहरूका अनुसार आन्दोलनले क्षतिग्रस्त पारेका संरचनाहरूलाई स्थानीय तहमै सामुदायिक सहयोगले पुनःस्थापना गर्ने अभ्यास जनकपुरधाममा शान्ति र स्थिरता कायम गर्ने दिशामा महत्वपूर्ण कदम बन्नेछ ।

# आन्दोलनमा विजयको ज्यान गयो गाउँमा बुबाआमा बेखबर

*विजय चौधरीको शव शिक्षण अस्पतालको शवगृहमा पुगिसकेको थियो । यता गाउँमा चाहिँ सत्य लुकाइएको थियो । पाँच वर्षदेखि काठमाडौँमा 'हाउसवायरिङ'को काम गर्दै आएका विजय गत साउनमा गाउँमा रोपाइँ सकेर १५ दिनअघि मात्र श्रीमती उर्मिला र चार वर्षकी छोरीसहित फेरि राजधानी फर्किएका थिए । आमाबुबाको औषधि, घरखर्च, बालबालिकाको पढाइलगायत सबै कुरा विजयको कमाइमै निर्भर थियो । तर जसको आशामा घर चलेको थियो, उनै विजय अब फर्कने छैनन् ।*

**सिरहा ।**
हरिप्रसाद चौधरी घरको बरण्डा अगाडि टोलाएर बसेका छन् । छेउमै जलेश्वरीदेवी (विजयकी आमा) उसैगरी टोलाइरहेकी छन् । शरीर त्यहीँ छ, तर मन कता हो कता हराएको छ । उनको आँखा त्यही बाटो हेर्दै टोलाइरहेछ, जहाँबाट अब विजय कहिल्यै फर्कनेवाला छैन । तर, उनीहरूलाई थाहा छैन, छोरोले 'जेन्जी पुस्ता' आन्दोलनमा गत मङ्गलबार संसार छाडिसकेका छन् । मन बेचैनीले भरिएको छ । अनुहारमा एकैचोटी अनेकन कुरा खेलिरहेको प्रष्ट देखिन्छ । आशा, डर अनि थोरै शङ्का । गाउँमा विजयबारे आएको खबर आधामात्र हो । 'गोली लागेको रे, तर उपचार भइरहेको छ', नजिकका एक आफन्तले आएर बताएपछि अत्तालिएको आमाबुबाको मन केही सम्हालिएको थियो । तर, विजयको फोन, म्यासेज या कुनै खबर आउन छाडेको पनि कयौँ भइसकेको छ । घरको आँगन चिसो लाग्न थालेको छ । तर आमाबुबाको मन अझै तातो छ, छोरो आउने आशामा । भाइको मृत्युको खबर सुनेपछि हेटौँडामा बस्दै आएकी विजयकी दिदी काठमाडौँ पुगेर आमालाई फोनमा सत्य लुकाएर ढाडस दिइरहेकी छन् । 'भाइलाई आइसीयूमा राखिएको छ आमा, बोल्न सक्ने अवस्थामा हुनुहुन्न । होसमा आएपछि खबर गर्छु ।' २७ वर्षीय विजय चौधरी, लहान–१५ सिमलटोलका बासिन्दा हुन् । ग ।त मङ्गलबार काठमाडौँको बानेश्वरमा 'जेन्जी पुस्ता' आन्दोलनका क्रममा प्रहरीले चलाएको गोली विजयको छातीमा लाग्यो । त्यही ठाउँमा ढले । साथीले उनलाई तत्काल सिभिल अस्पताल लगे, तर त्यसबेला विजयको प्राण गइसकेको थियो । घटनाको पुष्टि हुँदै जाँदा, विजयको शव शिक्षण अस्पतालको शवगृहमा पुगिसकेको थियो । यता गाउँमा चाहिँ सत्य लुकाइएको थियो । पाँच वर्षदेखि काठमाडौँमा 'हाउसवायरिङ'को काम गर्दै आएका विजय गत साउनमा गाउँमा रोपाइँ सकेर १५ दिनअघि मात्र श्रीमती उर्मिला र चार वर्षकी छोरीसहित फेरि राजधानी फर्किएका थिए । आमाबुबाको औषधि, घरखर्च, बालबालिकाको पढाइलगायत सबै कुरा विजयको कमाइमै निर्भर थियो । तर जसको आशामा घर चलेको थियो, उनै विजय अब फर्कने छैनन् । भाइलाई गोली लागेको खबर पाएपछि हेटौँडामा रहेकी दिदी सुशीला सोही साँझ काठमाडौँ पुगिन् । उनले राजधानीका दर्जनौँ अस्पताल चहारिन् । चौबीस घण्टापछि बल्ल सार्वजनिक सूचीमा भाइको नाम फेला पारिन् । शिक्षण अस्पताल पुगेर भाइको शव पहिचान गरिन् । त्यसपछि विक्षिप्त बनेकी सुशीला बुबाआमालाई सम्हाल्न गाह्रो हुने ठानेर भाइ उपचाररत रहेको झुटा कुरा बताइन् । 'छोरीले खबर गरिसकेकी छ, चाँडो निको होस् भनेर भगवानसँग कामना गरेकी छु', आमा जलेश्वरीदेवीले भनिन् । विजयको दाजु अजय वैदेशिक रोजगारीबाट शनिबार फर्किंदै छन् । उनले नै आमाबुबालाई यो पीडादायी खबर नसुनाउने योजना बनाए । सायद उनलाई लाग्छ, भक्कानिएको आमाबाबुको मन सम्हाल्ने कोही हुने छैनन् । यो खबर सिधै भन्नु आमाको मुटुमाथि चोट हो ।
गाउँमा अहिले पनि विजयको कोठा खुलै छ । उनको श्रीमती अझै अर्धचेत अवस्थामा छिन् । छोरीले बुझ्ने उमेर छैन । तर आमाको मनमा विजयको पाइला अझै सुनिन्छ– 'पक्कै आउँछ नि !' सबैसँग मिलेर बस्नसक्ने उनको स्वभाव थियो । लहान–१५ का वडाध्यक्ष तेजनारायण चौधरी भन्छन्, 'विजय सधैँ शान्त स्वभावका थिए । कसैसँग झगडा गर्दैनथे । गाउँमा सबैलाई सम्झाइबुझाइ गर्थे ।'
उनका अनुसार विजय सो दिन साथीसँग सामान किन्न निस्किएका थिए । संसद् भवनअगाडि भीड देखेपछि भिडियो खिचिरहेका थिए । साथीहरूले फर्किन भनेका थिए, त्यसैबेला उनलाई गोली लाग्यो । गाउँमा अहिले सिङ्गो टोल स्तब्ध छ । तर त्यो स्तब्धताभन्दा गहिरो छ, सत्यलाई लुकाएर गरिएको प्रतीक्षा । आमाबुबा जसको आँखा बाटोमा छ, जसको कान मोबाइलको घण्टीतिर छ, अनि जसको मन आशा र भयको दोधारमा बाँधिएको छ । आमालाई सत्य कहिले बताइने हो, कुनै पत्तो छैन । रासस

# अस्थायी प्रहरी चौकी पुनः सञ्चालन



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको औरही नगरपालिका–४ कठुधार बजारस्थित अस्थायी प्रहरी चौकी पुनः सञ्चालनमा आएको छ ।
केही समयअघि जेन्जी पुस्ताको आन्दोलनका कारण क्षतिग्रस्त भएको प्रहरी चौकी आइतबारदेखि पुनः सञ्चालनमा आएको हो । प्रहरीहरू फर्किएसँगै चौकी क्षेत्रमा सुरक्षाको वातावरण फिर्ता आएको स्थानीयले बताएका छन् । प्रहरीहरूको टोलिसहित चौकीमा पुनः फर्किएका सुरक्षाकर्मीलाई वडा अध्यक्ष सियाराम रायसहित स्थानीय बासिन्दाले फूलमाला र ताली बजाएर स्वागत गरेका थिए । वडा अध्यक्ष रायले प्रहरीको उपस्थितिले स्थानीयमा सुरक्षाबारे आत्मविश्वास बढेको बताए । उनले भने, 'सुरक्षाविहीनताका कारण बजारमा असुरक्षा बढेको थियो, अब प्रहरी फर्किएसँगै स्थानीयलाई राहत मिलेको छ ।' स्थानीय व्यवसायीहरूले पनि प्रहरी चौकी सञ्चालनमा आएपछि बजारमा सुरक्षाको भावना बलियो भएको बताएका छन् । उनीहरुका अनुसार विगत केही दिनयता देखिएका चोरी, झैझगडा र अवाञ्छित गतिविधि रोकथाममा सहयोग पुग्ने छ । प्रहरी प्रशासनका अनुसार चौकीलाई आवश्यक जनशक्ति र भौतिक संरचना बिस्तार गर्दै थप प्रभावकारी बनाइने योजना रहेको छ । प्रहरी प्रमुखले चौकी पुनः सञ्चालनसँगै स्थानीयसँग समन्वय गरेर शान्ति–सुरक्षामा कुनै कमी हुन नदिने प्रतिबद्धता जनाएका छन् ।

# युवाले थाले सरसफाइ अभियान



**मधेशदृष्टि**
**सप्तरी ।**
जेन्जी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट क्षतिग्रस्त भएका सप्तरीका विभिन्न कार्यालय र सार्वजनिक स्थानमा स्थानीय युवाहरू सरसफाइ अभियानमा जुटेका छन् ।
मंगलबारको हिंसात्मक प्रदर्शनले जिल्ला प्रशासनदेखि न्यायालयसम्मका दर्जनौँ कार्यालय खरानी बनेपछि राजविराजसहित विभिन्न स्थानका युवाहरूले सामूहिक पहलमा सफाइ अभियान शुरू गरेका हुन् । आन्दोलनमा राजविराज नगरपालिकाको कार्यालय, सघन शहरी विकास डिभिजन कार्यालय, डिभिजन वन कार्यालय, भौतिक पूर्वाधार डिभिजन, जिल्ला हुलाक कार्यालय, आन्तरिक राजस्व कार्यालय, सरकारी वकिलको कार्यालय, उच्च अदालत जनकपुर–राजविराज इजलास, सप्तरी जिल्ला अदालत, जिल्ला समन्वय समिति, राजगढ गाउँपालिका, खडक नगरपालिका, कञ्चनरूप नगरपालिका, महदेवा गाउँपालिका–४ र जिल्ला निर्वाचन कार्यालयसहितका कार्यालयहरूमा ठूलो क्षति भएको थियो । स्थानीय युवा एलिश यादवले जेन्जी आन्दोलनको राजनीतिक उद्देश्य पूरा हुने विश्वास पलाएसँगै अब समाजलाई सामान्यतर्फ फर्काउने जिम्मेवारी युवाले लिनुपर्ने बताए । उनले भने, 'कार्यालय सफा नगरी काम गर्न नसकिने अवस्था छ । त्यसैले हामीले प्राथमिकतामा राखेर सरसफाइ अभियान शुरू गरेका हौँ । बिस्तारै सबै कार्यालय र क्षतिग्रस्त ठाउँ सफा गर्ने हाम्रो योजना छ ।' सरसफाइ अभियानमा सहभागी भएका युवाहरूले सरकारी कार्यालयका जलेका सामग्री हटाउँदै वरिपरिको वातावरण सफा गर्न थालेका छन् । उनीहरूले कार्यालयलाई पुनः सञ्चालनमा ल्याउन नागरिक तहबाट सक्दो योगदान गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।
यसैबीच, जिल्ला प्रशासन कार्यालय सप्तरीले आन्दोलनका क्रममा चोरी वा लुटिएका सामान सात दिनभित्रै फिर्ता गर्न अनुरोध गरेको छ । प्रशासनले सूचना जारी गर्दै सिसिटिभी फुटेज, टिकटक तथा फेसबुकजस्ता सामाजिक सञ्जालमा स्पष्ट प्रमाण देखिएकाले स्वेच्छाले फिर्ता नगर्ने व्यक्तिमाथि कानुनी कारबाही हुने चेतावनी दिएको छ ।

# रौतहटमा जनजीवन सामान्य बन्दै

**मधेशदृष्टि**
**रौतहट ।**
जेन्जी आन्दोलनका मागअनुसार नयाँ सरकार गठन भएसँगै रौतहटमा जनजीवन सामान्य बन्दै गएको छ । केही दिनदेखि तनावग्रस्त बनेको जिल्ला आइतबार बिहानदेखि क्रमशः शान्त र सामान्य अवस्थामा फर्किएको हो । सदरमुकाम गौरदेखि मध्य भाग गरुडा, चन्द्रनिगाहपुरलगायत ग्रामीण क्षेत्रसम्ममा सवारीसाधन सञ्चालनमा आएका छन् भने पसल, बजार र व्यापारिक प्रतिष्ठान खुलेका छन् । अवस्था सामान्यतर्फ फर्किएसँगै जिल्ला प्रशासन कार्यालयले जिल्लाभर लागू गरिएको कफ्र्यु हटाएको छ । तर, संवेदनशील क्षेत्र मानिएको सदरमुकाम गौरको केही परिधि भने अझै निषेधाज्ञा अन्तर्गत राखिएको छ । जिल्ला प्रशासन कार्यालय रौतहटले जारी गरेको सूचनामा गौरको नेपाल लजदेखि घन्टाघरसम्म, उत्तरमा कृषि ज्ञान केन्द्र र दक्षिणमा जुद्ध उच्च माविसम्मको क्षेत्रलाई अनिश्चितकालीन निषेधाज्ञा क्षेत्रमा राखिएको छ । यस कदमलाई प्रशासनले जिल्ला कारागारको सुरक्षा व्यवस्थासँग पनि जोडेको छ । मुख्य जिल्ला अधिकारी बिनोदकुमार खडकाले निषेधाज्ञा हटाइए पनि जोखिमयुक्त क्षेत्रमा नियन्त्रणात्मक आदेश जारी रहनुपर्ने बताएका छन् । उनले भने, 'जिल्लाको अधिकांश क्षेत्रमा अवस्था सामान्य भए पनि संवेदनशील मानिएका क्षेत्रमा अझै सतर्कता आवश्यक छ । त्यही कारणले आंशिक निषेधाज्ञा कायम राखिएको हो ।' कफ्र्यु र निषेधाज्ञा हटेपछि गौर–बैरगनिया सिमानाका पुनः सञ्चालनमा आएका छन् । लामो तथा छोटो दुरीका सार्वजनिक सवारीसाधन सुचारु भएपछि यात्रुहरूको आवागमन सहज भएको छ । स्थानीय व्यापारीहरूले बजारमा चहलपहल बढ्दै गएको र दैनिक कारोबार फिर्ता हुँदै गएको बताएका छन् । यसअघि सम्भावित हुलदंगा तथा अप्रत्याशित गतिविधि नियन्त्रण गर्न भदौ २७ गतेदेखि दिनको समयमा निषेधाज्ञा र रातिको समयमा कफ्र्यु जारी गरिएको थियो । त्यस अवधिमा गौर र आसपासका क्षेत्र पूर्ण रूपमा शान्त रहे पनि सर्वसाधारणको जनजीवन प्रभावित भएको थियो । नयाँ सरकार गठनसँगै आन्दोलनको कारण न्यून भएपछि रौतहट शान्ततर्फ फर्किएको छ । तर, प्रशासन र सुरक्षाकर्मीहरू सतर्क नै रहेका छन् ।

# महोत्तरीको जनजीवन सामान्य बन्दै

**महोत्तरी ।**
जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लामा लगाइएको निषेधाज्ञा फिर्ता गरेसँगै जिल्लाको जनजीवन आइतबारदेखि सामान्य बनेको छ । प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले निषेधाज्ञा फिर्ता गरिएसँगै जिल्लाको जनजीवन सामान्य बनेको हो । स्थानीयको चहलपहल बढेको छ भने हाटबजार, पसल, कलकारखाना, यातायात, शैक्षिक संस्था, सरकारी, गैरसरकारी कार्यालय, सङ्घसंस्था, बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको छ । यसैबीच, जेन्जीको आन्दोलनका कारणमा जलेश्वर कारागारबाट भागेका चार सय ७६ कैदीबन्दी अझै फर्किएका छैनन् । गत मङ्गलबार राति जलेश्वर कारागारबाट पाँच सय ७६ कैदी फरार भएका थिए ।
एक सय जना कैदीबन्दी मात्र फर्केर आएका छन् भने चार सय ७६ कैदीबन्दी अझै फरार नै रहेका जेलर अशोक क्षेत्रीले जानकारी दिए ।
बुधबार कारागार प्रशासनले फरार कैदीबन्दीलाई फर्किन आह्वान गरेपछि आइतबार बिहानसम्म चार भारतीयसहित एक सय जना कारागारमा आइसकेका र अझै आउने क्रम जारी रहेको उनले बताए । भागेका कैदीबन्दीलाई सुरक्षाकर्मीले खोजतलास गरिरहेको प्रमुख जिल्ला अधिकारी रिसालले बताए । रासस

## सम्पादकीय

# सत्ता र सडकमा एउटै अनुहारले ल्याएको द्वन्द्व

*आइतबार काठमाडौँमा रिपोर्टर्स क्लबमा भाडदौड कुटपिट देखियो। प्रेसको भोटो लगाएका, डिएसएलआरको लौरोमा क्यामेरा टाँसेर पत्रकार भनेकाहरु पनि भिडियो खिच्न भन्दा मान्छे पिट्न, लखेट्न लागिरहेका थिए। यसरी नै सत्तासँग जुध्ने पत्रकार देशमा जन्मिएको भए ठूलो उपलब्धी हुन्थ्यो तर यहाँ त आवाज उठाउन जानेहरुलाई मन नपरे प्रेसको भोटो लगाएर पनि लखेट्न शुरु भएको छ। यो अराजकताको बीउ अरु कति झांगिएर जाला, अनुमान गर्न गाह्रो छैन, आफूलाई मन नपरे त सामाजिक सञ्जालमा श्रद्धाञ्जली लेख्ने र कुटपिटमा उत्रने मानसिक रोगी हामी भइसकेका छौँ।*

*आन्दोलनपछि प्रधानमन्त्री भइन् सुशीला कार्की। उनलाई सत्तामा पुर्याउने कामको जिम्मा लिएका सुधन गुरुङले गरेको पत्रकार सम्मेलनमा फेरि नेताहरुलाई घरबाट बाहिर निस्कन दिन्नौँ, ठेगान लगाउँछौँ भन्ने आवाज आयो। अब त सरकार उनले चाहेको मान्छे भएको छ। शनिबार नै मन्त्री हुन्छ भन्ने थियो, खोइ त मन्त्रीहरु भएको, यतातिर जानु पर्ने मान्छे रिपोर्टर्स क्लबतिर आएपछि हुने द्वन्द्व नै हो। उनको पत्रकार सम्मेलन अब अरु रणमैदान हुनेमा शंका छैन। आज भागेकाहरुले बदला लिने नै देखिन्छ।*

*सत्ता र सडकमा एउटै अनुहार सुपरपावर र हिरो हुन खोजेपछि निम्तने द्वन्द्वको खटिरा यस्तै हुन्छ। सबैको जिम्मा एउटैले टाउकोमा बोकेर हिंडेपछि एक न एक दिन त्यो टाउको भारी हुने नै छ। तर यति चाँडै हामी नेपालीको नाममा सुधन गुरुङ माइबाट भाग्न पर्ने अवस्था आउनुमा फेरि पनि देशी विदेशी दलाल र एमाले–कांग्रेस–माओवादीको हात छ भनेर कोही बुद्धिजीबीहरु स्वतन्त्र विश्लेषण त गरिरहेका छैनन् नि ?*

# सम्झौताको नाममा जेन्जी विद्रोहले गरेको गम्भीर भूल



सरल सहयात्री

सेप्टेम्बर आठबाट शुरु भएको जेन्जी आन्दोलन नेपाली राजनीतिमा नयाँ आशा र सम्भावनाको प्रतीकका रूपमा देखा प¥यो। यो केवल सडकमा हुने विरोध प्रदर्शन मात्र थिएन, यो युवापुस्ताको राजनीतिक चेतना, न्याय र सुशासनको खोजी, भ्रष्टाचार र अस्थिर शासनप्रति लामो समयदेखि मौन रहेका आवाजहरूको प्रत्यक्ष अभिव्यक्ति थियो। कांग्रेस एमाले गठबन्धनका नेता तथा निवर्तमान प्रधानमन्त्री केपी ओलीले जेन्जी आवाजलाई ‘केटाकेटी लहड’को संज्ञा दिएर आफ्नो परम्परागत हेपाहा प्रवृत्तिलाई अझ उचो श्वरमा प्रस्तुत गरे। मूलतः समाजिक सञ्जाल प्रतिबन्धबाट सडकमा उत्रिएका युवाहरूले पुरानो राजनीतिक संरचनामा सुधार र सुशासनका लागि प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री आवश्यक रहेको कुरा स्पष्ट रूपमा देखाए।

लोकतान्त्रिक भनिएको दलका नेताहरूको ‘म भइनँ भने...’ भन्ने अनन्त चिन्ता र दलका केही अनुत्तरदायी नेताहरूबाट गरिने खुल्लाम–खुल्ला भ्रष्टाचारका कारण संसदीय प्रणाली भनेको भ्रष्टाचारको पर्याय हो र दलका नेता कार्यकर्ता भनेका झोले हुन भन्ने भाष्य पैदा गर्दिदै आएको थियो।

प्रधानमन्त्रीले नपत्याएको जेन्जी पुस्ता संसद् भवन अघि प्रदर्शन गरिरहेका बेला १९ जना कलिला विद्यार्थी र युवालाई गोली हानियो र यसको प्रतिक्रिया स्वरुप आन्दोलनको प्रभाव यति व्यापक भयो कि भ्रष्टचारीको सम्पत्ति कव्जा गर्ने आगजनी गर्ने आक्रोशको अराजक मारमा इमान्दार र सर्वसाधारण समेत परे। यद्यपि, राजनीतिक दलहरूको मनोविज्ञानमा निकै ठूलो कम्पन गयो र जेन्जीको प्रतिनिधिहरूले राखेका माग स्वीकार गर्ने दिशामा झुकेका थिए।

आजको जेन्जी पुस्तामा देशको राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष कार्यकारी प्रणाली चाहिन्छ भन्ने स्पष्ट विचार देखिन्छ। युवा पोलिटिसियनहरू कुनै न कुनै दिन यस मुद्दाका पक्षधरहरूले देशमा दुईतिहाइ बहुमत ल्याउनेछ र राष्ट्रले सुशासनको मार्ग लिनेछ भन्ने लामो बाटो हिंडिरहेको छौं।

सेप्टेम्बर नौको असोचनीय ‘अराजक ध्वंस’को बाबजुद ‘आन्दोलनको बलमा संविधान संशोधन भएर आउँदो चुनाव देशमा प्रत्यक्ष कार्यकारीका लागि मतदान हुने भयो र लोकतन्त्रले स्थायित्व प्राप्त गर्ने मार्गमा खडा हुने भो’ भन्ने आशा जेन्जी आन्दोलनसँग पलाएको थियो।

तर राष्ट्रपतिबाट असंवैधानिक रूपमा प्रधानमन्त्रीमा नियुक्त सुशीला कार्कीले संविधान संशोधनको सो प्रस्ताव अघि नबढाई पहिलो मन्त्रिपरिषद् बैठकबाट प्रतिनिधिसभा विघटन गराएपछि जेन्जी आन्दोलन हाइज्याक हुन थालेजस्तो देखियो।

केही दिनअघिसम्म तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली जेन्जीलाई ‘केटाकेटी आए गुलेली खेलाए मट्याङ्ग्राको सत्यानास’ भनेर हेप्दै थिए। अन्तरिम सरकारकी प्रधानमन्त्री कार्की जेन्जी पुस्ताको अदम्य साहस र बलिदानलाई बिजर्सनको बाटोमा लैजाँदैछिन्। तर, जेन्जी पुस्ताका कयौंले कार्की प्रधानमन्त्री पाउनुमै अहोभाग्य भएजस्तो भाव व्यक्त गरिरहेका छन्, जसलाई खरानीको डल्लाबाट रानी बनाएर बच्चाहरू खुसी भएको महसुस गर्न सकिन्छ।

जेन्जी आन्दोलनको मूल–आधार भ्रष्टाचारविरुद्धको व्यापक असन्तोष र अस्थिर शासकीय प्रणाली थियो। नेपालमा भ्रष्टाचार केवल प्रशासनिक स्तर वा दलगत नेतामा सीमित छैन। यो समाजकै मनोविज्ञानमा गहिरो रूपमा संक्रमित छ।

बजेट बाँडफाँड, ठेक्का–पट्टा र सार्वजनिक सेवा वितरणदेखि उपभोक्ता समितिमा नाफा खोज्ने प्रवृत्तिसम्म संस्थागत स्तरमा फैलिएको छ। राज्यलाई कर तिर्न समेत व्यवसायीले घुस खुवाउनुपर्ने अवस्था छ। यसै कारण युवा पुस्ताले सडकमा आएर प्रत्यक्ष कार्यकारी प्रमुख मार्फत स्थायी सरकार र सो मार्फत सुशासनको माग गरे।

तर, आन्दोलनको वास्तविक कमजोरी यसमा थियो कि जेन्जी नेतृत्वले आफ्नो आन्दोलनलाई न संरचनागत रूपमा संस्थागत गर्न सके, न नेतृत्वलाई। न आफ्ना एजेन्डा र एजेन्डालाई संस्थागत गर्ने प्रक्रियालाई स्पष्ट पार्न नै सके। प्रतिनिधिसभा विघटनको पूर्वसर्त भनेको कुनै व्यक्तिको वचन र अहंताको विषय मात्रै थिएन, प्रत्यक्ष कार्यकारी मार्फत स्थायी सरकार नदिने र देशलाई अस्थिर सरकारकै मार्गमा खडा गर्ने देशी विदेशी डिजाइन समेत थियो। देशको आतंक र अस्थिरता भैरहोस तर निष्कर्ष अस्थिर सरकारमै घुमिरहोस् भन्ने कुत्सित चाह फेरि सफल भयो।

वास्तवमा प्रतिनिधिसभा विघटन गर्न दलहरू बाध्यकारी तयार भएका थिए। ‘जेन्जीको मुद्दा संविधानमा समेटियोस्, अन्तरिम प्रधानमन्त्री संवैधानिक प्रक्रिया मार्फत होस् र यति कार्यसम्पन्न गरेकै क्षण प्रतिनिधिसभा विघटन भएर नयाँ कार्यकारी प्रमुख र प्रतिनिधिसभाको चुनावको मार्गमा देश हिंडोस्’ भन्ने सबै दल र विशेषगरी दलका युवा पुस्ताको चाह थियो।

विशेषगरी मूलतः बालेन्द्र शाहको आत्ममुद्दा लोकप्रियताको अहंकारी मोहले संविधान सुधारको सुनौलो अवसर गुमायो। आन्दोलनले ६२–६३ पछि भएको माओवादी र दलहरूबीच भएको शान्ति सम्झौताको मोडलमा राष्ट्रपति, प्रतिनिधिसभा राष्ट्रिय सभाका मुख्य दल, सेना र अन्य निकायलाई साक्षी राखेर प्रत्यक्ष कार्यकारी प्रमुखको चुनाव प्रणाली लगायतका विषयलाई संविधानको अंग बनाउन सम्भव थियो। तर, इतिहास समीक्षा र आगामी भविष्यको शिक्षाका लागि मात्रै काम लाग्छ। इतिहास उही रूपमा न फर्काउन सकिन्छ न बदल्न नै।

सुशीला कार्की प्र्रधानमन्त्री भएकोमा खुसी हुनु भनेको २०६४ मा धेरै सिट जितेका कारण माओवादी मात्तिनु जति पनि होइन। जेन्जीले थाहा पाउनुपर्छ अहिलेको उभारभन्दा दर्जनौं गुणा बढी माओवादी पार्टी र यसका नेताहरूप्रति आजका जेन्जीजस्ता युवा र देशको आशा थियो। जहाँ भन्यो त्यहीँ ज्यान दिन तयार सँगठन थियो। ६४ को चुनावले माओवादीलाई ६०१ मध्य २३८ सिट जनमत प्रधान ग¥यो।

यद्यपि, समन्वय सहकार्य र सहअस्तित्व स्वीकार गरेर अघि बढ्नेमा केही कमजोरीहरू नगरेको भए सम्भवतः प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीसम्म त्यहीबेला पुग्न सकिन्थ्यो। पहिलो संविधानसभाबाटै संविधान जारी हुन सक्थ्यो। देशभित्र र बाहिर जनआन्दोलनको सम्बोधन भएजस्तो होस् तर अस्थिरता कायम रहिरहोस् भन्ठान्ने कुत्सित मन बलियो नै थियो। त्यसमा घिउ थप्यो स्वयम् माओवादी र यसका नेतामा आएको घमण्डहरूले।

अन्ततः जनताका धेरै मनोविज्ञान र अधिकारहरू संविधानमा लेखिएको भए पनि यही अस्थिर संसदीय शासकीय प्रणालीमा नोटअफ डिसेन्टसहित सम्झौता गर्न बाध्य भएर संविधान जारी भयो।

महिला प्रधानमन्त्री पाएकोमा खुसी हुन बाहेक अब प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था संविधानमा लेख्न जेन्जी र यो मुद्दा बोक्नेहरूले दुईतिहाइ मत ल्याउनपर्छ। नेपालको सामाजिक चरित्र हेर्दा चुनावमा अझैपनि स्वयं जेन्जीको हिस्सा पनि ५ लिटर तेल र एक बोतल बियरमा बिक्छ भन्ने कुराको उदाहरण आन्दोलनमा भएको लुटपाटले स्पष्ट पारिसकेको छ।

अहिले नियुक्त प्रधानमन्त्री नियुक्तिको संवैधानिक परिणाम अब विस्तारै निस्कन शुरु गर्दछ। राष्ट्रपतिले संविधानको धारा ६१ प्रयोग गरी कार्कीलाई प्रधानमन्त्री नियुक्त गर्दा संवैधानिक बहसको ढोका खुलेको छ। सुशीला कार्कीले संविधानको पालना गर्ने शपथ लिएका कारण अब संविधानको पालना गर्ने सन्दर्भमा हुने बहस र त्यसको निष्कर्षको लागि प्रधानमन्त्री कार्की तयार हुनुपर्ने संवैधानिक बाध्यता अनिवार्य छ। आगामी एकाध दिनभित्र त्यस्तै पर्दा प्रतिनिधिसभाका सभामुख सहितको सदस्यहरूले वा अन्य व्यक्तिहरूमार्फत प्रतिनिधिसभाको विघटन र सुशीला कार्काको प्रधानमन्त्री नियुक्ति प्रक्रियाका सम्बन्धमा सर्वोच्चमा मुद्दा पर्ने निश्चित छ।

यसको संवैधानिक बहस हँुदा सुशीला कार्की सर्वोच्चको प्रधानन्यायाधीश भएका कारण प्रधानमन्त्री हुन नमिल्ले स्पष्ट प्रावधान त छँदै छ, सँगसँगै धारा ६१ प्रधानमन्त्री नियुक्त गर्ने प्रक्रिया होइन भन्ने कुरा सर्वोच्चको पहिलो नजरमै पर्नसक्छ। यस आधारमा सर्वोच्च अदालतले यस नियुक्तिलाई असंवैधानिक ठह¥यायो भने सुशीला कार्कीको नियुक्ति स्वतः अमान्य हुनेछ। सो अनुसार प्रतिनिधिसभा विघटनको सिफारिस र राष्ट्रपतिले गरेको निर्णय दुवै असंवैधानिक मानिने अवस्था सिर्जना गर्नेछ र प्रतिनिधिसभा पुनस्र्थापित हुनेछ।

सम्भावित यस प्रक्रियामार्फत आन्दोलनले चाहेको स्थायी शासकीय सुधारको सपनाको सहज बिसर्जन गराउँछ। परिवर्तनको निःस्वार्थ सपना देखेर गोली खाने किशोरहरूको रगत बानेश्वरको सडकमा यतिकै सुक्ने हो कि भन्ने आशंका बढेको छ। र, देशको सम्पति नष्ट गरेको अभियोगमा एकएक व्यक्ति मुद्दाका भागिदार हुनेछन्। यो असफलतामा राजनीतिको स्थायित्व र सुशासन चाहने हाम्रो सपनाको समेत असफलता भएको छ।

वास्तवमा जेन्जी आन्दोलनले नेपाली समाजमा उत्पन्न गरेको चेतना असाधारण थियो। विध्वंसको मार निर्दोष व्यक्तिहरूमा समेत परेता पनि भ्रष्टाचारी र उनको शाखा सन्तानको मनमा यस्ता कु–कर्म गर्न नहुने रहेछ भन्ने सकारात्मक आतंक सृजना भएको थियो।

सँगसँगै जेन्जी पुस्ता कतै राजनीतिमा प्रवेश नै नगरी पुस्ताको रिक्तता गर्ने त होइन भन्ने सामाजिक आशंकालाई ध्वस्त बनायो। यसले देखाएको थियो कि– युवापुस्ता केवल राजनीतिक परिवर्तनको आकांक्षामा मात्रै छैनन, उनीहरू सुशासन, पारदर्शिता र दिगो लोकतान्त्रिक संरचनाको पक्षमा छन्।

तर इतिहासले पटकपटक निर्ममतापूर्वक पुष्टि गरेको छ– आन्दोलन भनेको केवल सडकमा देखाइएको हौसला मात्र होइन, यसको वास्तविक मूल्य तब हुन्छ जब आन्दोलनले आफ्नो मागलाई संविधानमा संस्थागत गर्ने क्षमता देखाउँछ।

यदि आन्दोलनमा केवल भावनात्मक उग्रताको रूपमा रह्यो भने, त्यसको उपलब्धि क्षणिक हुन्छ र पुरानै राजनीतिक गोलचक्करमा फर्किन बाध्य हुन्छ। जेन्जी आन्दोलनले यही गल्ती दोहो¥यायो र संसदीय गोलचक्करमा राजनीतिलाई फर्काएको छ। (अनलाइनखबर)

# प्रिय ‘मासुम’ जेन्जी ! आन्दोलन हाइज्याक भो, सम्भावित ठूलो उपलब्धि गुम्यो



प्रमोद न्यौपाने

प्रिय जेन्जी भाइ–बहिनीहरू, एउटा प्रश्न सोध्छु है, ५१ जनाको साहदत प्राप्त गरेको तिमीहरूको अगुवाइमा भएका विद्रोहले के दियो ?

सुशीला कार्कीलाई प्रधानमन्त्री र अनिश्चित निर्वाचनको मिति अनि ६ दर्जन मान्छेको जीवन र खर्बौंको सार्वजनिक निजी संरचना ध्वस्त। यति मात्र होइन ? अब केहीलाई मन्त्री बनाउला, त्यही त हो।

तिमीहरूको ऐतिहासिक विद्रोहले अभूतपूर्व राजनीतिक उपलब्धि दिन्छ। र, त्यसलाई तत्काल संस्थागत गर्न सकिन्छ भन्ने मेरो ठम्याइ थियो। यसको विधि र प्रक्रियाबारे मैले २६ गते यही नेपाल प्रेसमा लेखेको पनि थिएँ कि, आन्दोलनका मागलाई संसदमा इन्डोर्स गराउन सकिएन भने केही पनि राजनीतिक उपलब्धि हुँदैन भनेर। आज भयो त्यस्तै, होइन?

कमजोरी कहाँ–कहाँ भयो समीक्षा गर्नुपर्छ कि ? समीक्षा ग¥यौ भने राजनीति कति सुझबुझपूर्ण हुनुपर्छ भन्ने खुल्छ। तिमीहरू राजनीतिक रूपमा परिपक्व भएनौं भन्नेमा होइन तिमीहरूलाई व्याकअप गर्नेहरू पनि यतिधैरै हुस्सु भएकोमा चाहिँ खेद छ।

प्रधानमन्त्रीको राजीनामा र राष्ट्रपतिको वार्ता आह्वानपछि आन्दोलनको म्याण्डेटलाई वैधानिक रूपमा संस्थागत गर्ने बाटोतर्फ लाग्नु पथ्र्यो। तर, अन्तरिम सरकारलाई मात्रै मुख्य माग बनाइयो।

आन्दोलनको म्याण्डेट र जनताको भावनाअनुसार गर्नुपर्ने कामको सूची अर्थात् आफ्ना माग लिएर आन्दोलनकारी पक्षले राष्ट्रपतिसँग राजनीतिक वार्ता गर्नुपथ्र्यो। तर, एक थान प्रधानमन्त्रीको मागमा त्यो पनि सेनासँग वार्ता थालियो।

विजयी उन्मादका कारण होला। राजनीतिक दलहरूको अस्तित्व स्वीकारै गरिएन। राष्ट्रपति सँगसँगै राजनीतिक दलहरूसँग पनि संवाद गर्नुपथ्र्यो। किनकि, आन्दोलनले कमजोर बनाए पनि उनीहरू एक शक्ति थिए। संसदमा रहेका दलहरूलाई विश्वासमा नलिई वा बाध्य नपारी आन्दोलनको पहिचान र उपलब्धि संस्थागत गर्न सकिदैन्थ्यो। यो पक्ष आन्दोलनकारीले पक्षले बुझ्दै बुझेन।

सुशीला कार्कीले आन्दोलनको राप र तापका कारण निरीह बनेका राष्ट्रपति र राजनीतिक दलहरूसँग हात्ताहात्ती संविधान संशोधनसहितका राजनीतिक एजेण्डामा अडान कस्नुपथ्र्यो। उनले पनि आन्दोलनको उपलब्धि संस्थागत गर्नुलाई भन्दा प्रधानमन्त्रीको कुर्सीलाई प्राथमिकता दिइन्। कार्कीले आन्दोलनको म्याण्डेटलाई धोका दिइन् र अनिश्चयतर्फ धकेलिदिइन्।

आन्दोलनको राप र तापले राष्ट्रपति र राजनीतिक दलहरूलाई केही न्यूनतम राजनीतिक सहमतिमा पुर्याउथ्यो नै। जस्तैः अन्तरिम सरकार, संविधान संशोधन र निर्वाचन। मुख्य यी तीन विषयमा राष्ट्रपति, राजनीतिक दल (संसदमा रहेका) र आन्दोलनकारी पक्षबीच सहमति गर्न सकिन्थ्यो। सहमतिका लागि दलहरू बाध्य हुन्थे। राजनीतिक कोर्स अर्कैतर्फ मोड्न सक्छौं भनेर उनीहरूलाई बाध्य पार्न सकिन्थ्यो। राजा फर्काउला कि भन्ने डरले उनीहरू व्यवस्थाको निरन्तरताको सर्तमा जुनसुकै सम्झौता, सहमति गर्न तयार हुन्थे।

आन्दोलनको म्याण्डेटअनुसार भएको राजनीतिक सहमतिलाई संसदमार्फत घोषणा गराउनु पथ्र्यो। यो अभ्यास हामीले यसअघि गरिसकेका थियौं। २०६२–६३ को आन्दोलनको म्याण्डेटअनुसार भएका राजनीतिक सहमतिलाई पुनःस्थापना गरेर संसदमार्फत घोषणा गराइएको होइन ? त्यहीअनुसार संविधानसभाको चुनाव भएर राजनीतिक कोर्ष यहाँसम्म आइपुगेको होइन ? यसपटक पनि त्यसो गर्न सकिएको भए अन्तरिम सरकार, संविधान संशोधन र निर्वाचनमा दलहरू जबरजस्त भए पनि अपनत्व लिन बाध्य हुन्थे। र, तत्काल संविधान संशोधन सम्भव हुन्थ्यो।

धेरै विषय होइन, संविधानमा शासकीय स्वरूप र निर्वाचन प्रणाली मात्र परिवर्तन गर्न सकेको भए, ठूलो संवैधानिक र राजनीतिक फड्को मारिन्थ्यो। फागुन २१ म घोषणा गरिएको चुनावमा प्रत्यक्ष निर्वाचित कार्यकारी चुन्न सकिन्थ्यो। अहिले जेन्जीहरू प्रश्न गर्न थालेका छन्, अब हुने चुनाव कार्यकारी प्रमुखको कि संसदीय ? हैट !

घोषित मितिमा त चुनाव सम्भवै छैन। राजनीतिक दलहरू सकारात्मक भए, केही ढिला भए पनि होला। चुनावै भएन भने के हुन्छ भन्ने प्रश्न अधिकांशको मनमा उठिसकेको छ। लौ भयो रे, चुनाव हुने भनेको प्रतिनिधिसभाको हो। त्यो प्रतिनिधिसभाको शक्ति सन्तुलनका आधारमा संविधान संशोधन हुन्छ कि हुन्न भन्न सकिन्छ।

नयाँ आए र लागत पु¥याए भने वा पुरानाको पनि प्रतिनिधित्व भयो र ती पनि तयार भए हुने हो, संविधान संशोधन। अझ, राष्ट्रियसभामा पुरानै दलको बर्चश्वको निरन्तरताले पनि अल्झाउन सक्ला। राष्ट्रियसभाको एक तिहाइ सदस्यका लागि माघमा हुनुपर्ने चुनाव के हुन्छ भन्ने अन्योल त छँदैछ।

आन्दोलनका राजनीतिक उपलब्धि संस्थागत गर्नुपर्ने र गराउन सकिने संसदलाई पहिलो निसाना बनाउनुको उद्देश्य के थियो, थाहा भएन। तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिनासाथ संसद विघटन र सेनासँग वार्ताको दुई बुँदे शर्त जेन्जीको थियो कि काठमाडौंका मेयरको ? जेन्जी भाइबहिनीहरू त्यसै दिन फ्रडमा परिसकेका थिए। अब पछुताउनु र हाम्रो आन्दोलन हाइज्याक भयो भनेर कुनै सुधन गुरुङहरूतिर औंला ठड्याउनुले केही हुन्न।

हुँदा–हुँदा संविधान बुझेकी र आन्दोलनको उपलब्धिलाई संस्थागत गर्नुपर्ने दायित्वमा पुग्न खट्टा उचालेर बसेकी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले समेत संसद विघटनको ढिपी कसिन्। सुशीला कार्कीले आन्दोलनको राप र तापका कारण निरीह बनेका राष्ट्रपति र राजनीतिक दलहरूसँग हात्ताहात्ती संविधान संशोधनसहितका राजनीतिक एजेण्डामा अडान कस्नुपथ्र्यो। उनले पनि आन्दोलनको उपलब्धि संस्थागत गर्नुलाई भन्दा प्रधानमन्त्रीको कुर्सीलाई प्राथमिकता दिइन्। कार्कीले आन्दोलनको म्याण्डेटलाई धोका दिइन् र अनिश्चयतर्फ धकेलिदिइन्।

घोषित मितिमा त चुनाव सम्भवै छैन। राजनीतिक दलहरू सकारात्मक भए, केही ढिला भए पनि होला। चुनावै भएन भने के हुन्छ भन्ने प्रश्न अधिकांशको मनमा उठिसकेको छ। लौ भयो रे, चुनाव हुने भनेको प्रतिनिधिसभाको हो। त्यो प्रतिनिधिसभाको शक्ति सन्तुलनका आधारमा संविधान संशोधन हुन्छ कि हुन्न भन्न सकिन्छ।

हुन त जेन्जी आन्दोलनको मुख्य माग नै भ्रष्टाचार नियन्त्रण र सामाजिक सञ्जाल खुला भन्ने थियो क्यारे। राजनीतिक माग नै नभएका कारण आन्दोलनकारी पक्ष त्यसतर्फ नलागेको हुन् कि ? तर, आज उनीहरू आफ्नो आन्दोलनका कारण ठूलै राजनीतिक परिवर्तन भए जसरी चर्चा गरिरहेका छन्।

सारमा, अन्तरिम प्रधानमन्त्री, अनिश्चित निर्वाचनको मिति र केहीलाई मन्त्री बनाउनेबाहेक आन्दोलनले राजनीतिक उपलब्धि त दिने भएन नि, होइन ?

आन्दोलनपछिको समग्र राजनीतिक रोडम्याप र सुधारका मुद्दामा राजनीति सहमति गर्न सकिएको भए यही आन्दोलनले थुप्रै परिवर्तनको ढोका खोल्थ्यो। ध्यान नपुगेको हो कि डिजाइनरले स्क्रिप्ट नै यतिसम्म मात्रै लेखेको थियो, थाहा भएन।

दलहरूलाई राजनीतिक सहमतिका लागि बाध्य पार्न नसक्दा दुई दिन नबित्दै उनीहरूले टाउको मात्र उठाएनन्, आन्दोलनप्रति नै खिसिट्युरी गर्न थाले। आन्दोलनको म्यान्डेट र परिवर्तको जनचाहनालाई संस्थागत गर्न उनीहरूलाई बाध्य पार्न सकिन्थ्यो, हुन्थे। आन्दोलनकारी पक्ष यसमा नराम्रोसँग चुक्यो। अब बिस्तारै तिनै दलले अन्तरिक सरकार र आन्दोलनकारी पक्षलाई साइजमा राख्न सामूहिक बल लगाउन सक्छन्। चुनावमा भाग लिन्नौं भन्ने घुर्की देखाएर सौदाबाजी गर्न सक्छन्।

प्रिय जेन्जी ! तिमीहरूको सुझबुझ नपुगेर हो वा आन्दोलनको नेतृत्व हाइज्याक भएर हो वा कथा नै त्यति मात्र लेखिएर हो, संभावित ठूलो राजनीतिक उपलब्धीबाट तत्कालका लागि विमुख भइयो। यस्तो अवस्था फेरि नआउन सक्छ।

विधि होइन कुर्सी प्यारो हो भन्ने फेरि पनि स्थापित भयो। होइन भन्ने देखाउन सुशीला कार्की नेतृत्वको सरकारले लोकप्रियताका लागि केही निर्णय गर्ला। तर, तिनले राजनीतिक उपलब्धि हुन्न है हुन्न।

# सुशीला कार्कीका छोराहरु बनेर काम गर्न तयार छौंः खगेन्द्र सुनार



**काठमाडौं ।**
दलितका लागि दलित अभियानका अभियन्ता खगेन्द्र सुनारले अब बन्ने सरकार सबैको प्रतिनिधित्व हुने समावेशी सरकार बन्नुपर्ने बताएका छन् ।
आइतबार नव गठित सरकारबारे दलित समूदायको धारणा सार्वजनिक गर्न पत्रकार सम्मेलन गर्दै अहिलेको सरकारको नेतृत्वको मुहारमा दलित, जनजाति, मधेशी सबैको अनुहार झल्किने गरी समावेशी सरकार बन्नुपर्ने बताएका हुन् ।
उनले भने, 'सरकारमाथि अट्याक सुरु भइसकेको छ, पुराना राजनीतिक दलहरु फेरी व्यूतिएर भुतभुताउँदै उठेको हामीले देखेका छौ अव ती तानाशाही, अपराधीहरुको हातमा देश जानुहुँदैन । सरकार समावेशी बन्नुपर्छ, सरकारमा सबैको प्रतिनिधित्व हुनुपर्छ । सुशीला कार्कीको अनुहार यताबाट हेर्दा मधेशीजस्तो, उताबाट पहाडी, दलित, जनजाति, हिमाली जस्तो सबैको अनुहार त्यसमा झल्किनुपर्छ ।'
उनले अव बन्ने सरकारले सबै जनतालाई न्याय दिनसक्ने कुरामा विश्वस्त रहेको पनि बताए । 'हिजो यिनै कांग्रेस, एमाले, माओवादीहरुको घाँटी च्यापेर निकालिएकी सुशीला कार्कीले यो कुरा बुझेकी छिन् त्यो अनुसार सबै जनतालाई न्याय हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौ,'उनले भने ।
अभियन्ता सुनारले आफू मन्त्री बन्ने दौडमा नरहेको भन्दै देश निमार्णको सन्दर्भमा पूर्ण साथ र समर्पण रहेको बताए । 'म मन्त्रीको दौडमा छैन ।मेरो अभियान मन्त्री बन्ने अभियान होइन ।यो देशले पहिला सास फेर्न पाउनुपर्छ । मरेकाले पहिला न्याय पाउनुपर्छ । घाइतेहरुको उपचार हुनुपर्छ । देश आगो लागेर खरानी भएको छ । यो खरानीलाई हामीले बग्न दिनुहुँदैन । खरानीबाट देशलाई माथि उठाउनुपर्छ । देश निर्माणको सन्दर्भमा हाम्रो साथ र समर्पण रहनेछ,'उनले भने । उनले जेनजीहरुको आन्दोलनको उपलब्धिहरुलाई खरानी बनाउने प्रयास हुन सक्ने भन्दै प्रधानमन्त्री कार्कीको रक्षक बन्ने पनि बताए । 'आन्दोलनमा लागेका जेनजीहरुको अपमान गर्ने, जेनजीहरु केही होइन भन्ने, यीनका नेतृत्व छैन भनी आन्दोलनका उपलब्धिहरुलाई खरानी बनाउने त्यो खालको खतरा हुनसक्छ त्यसैले हामी सुशीला कार्कीको एउटा छोराको बनेर आमाको रक्षाको लागि नेपाल आमाको रक्षाको लागि हामी ढाल बनेर उभिने छौ,'उनले भने ।

# झापाको जनजीवन लयमा फर्किँदैः सार्वजनिक तथा निजी यातायातका साधन सञ्चालनमा

**झापा।**
जेनजी आन्दोलनका कारण बन्द रहेका जिल्लाका सरकारी कार्यालय आईतवारदेखि सञ्चालनमा आउने भएका छन्। प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीले आगजनीमा परेका पालिका र वडा कार्यालयबाहेक अन्य सरकारी कार्यालय सञ्चालनमा आउने बताएका हुन।
'आन्दोलनका क्रममा जलेर ध्वस्त भएका नगरपालिका, गाउँपालिका र वडा कार्यालय सञ्चालनमा आउन तत्काल सम्भव छैन', उनले भने, 'बाँकी कार्यालय खोलेर आजैदेखि सेवा सञ्चालन हुन्छ।'
यही भदौ २३ गते जेनजी आन्दोलन सुरु भएयता जिल्लाको जनजीवन तनावग्रस्त थियो । जिल्लाको स्थिति सामान्य अवस्थामा फर्किएको प्रजिअ अधिकारीले बताए । जिल्लामा आईतवार बिहानैदेखि सार्वजनिक तथा निजी यातायातका साधन निर्वाध रूपमा सञ्चालनमा आएका छन् । राजधानी, पोखरा, महेन्द्रनगर, वीरगञ्जलगायत लामो दूरीमा सञ्चालन हुने बस पनि आजदेखि चल्ने भएका छन्।
मेचीनगर नगरपालिकाका शिक्षा प्रमुख होमनाथ भण्डारीले विद्यालय खोल्ने सम्बन्धमा आज बैठक बस्ने जानकारी दिए । 'प्रमुख प्रशासकीय अधिकृतसहितको बैठक बसेर विद्यालय खोल्ने विषयमा निर्णय हुनेछ', मेचीनगर नगरपालिकाका शिक्षा प्रमुख भण्डारीले बताए।
जिल्लामा जेनजी आन्दोलनका क्रममा तीन जनाको मृत्यु भएको छ । अन्य घाइतेको विर्तामोडस्थित बीएण्डसी हस्पिटलमा उपचार भइरहेको छ। जेनजी आन्दोलन सुरु भएको भोलिपल्टदेखि सुरु भएको निषेधाज्ञा शनिबारदेखि खुकुलो पारिएको थियो । जिल्लाका बिर्तामोड, काँकडभिट्टा, दमक, भद्रपुर, सुरुङ्गालगायतका सहरमा बजार खुल्न थालिसकेको छ।रासस

# प्रधानमन्त्रीमा कार्की नियुक्त भएकामा अमेरिकाद्वारा स्वागत

**काठमाडौँ ।**
नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री पदमा सुशीला कार्की नियुक्त हुनुभएकामा संयुक्त राज्य अमेरिकाले स्वागत गरेको छ ।
यहाँस्थित अमेरिकी दूतावासले आईतवार विज्ञप्तिमार्फत गत हप्ताको दुःखद् घटनाहरूपछिको शान्तिपूर्ण समाधान भन्दै स्वागत गरेको हो । लोकतान्त्रिक समाधानप्रतिको प्रतिबद्धताका लागि राष्ट्रपति रामचन्द्र पौडेल र युवा नेताहरूको प्रशंसा गर्दै दूतावासले दुःखद् समयमा नेपालसँग शोकमा साथमै रहेको उल्लेख गरेको छ ।
'हामी नेपाली सेना र प्रधानसेनापति अशोकराज सिग्देललाई सङ्क्रमणलाई सहज बनाउँदै शान्तिपूर्ण नागरिक सरकार र व्यवस्था पुनःस्थापित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेकामा सम्मान गर्दछौँ ' विज्ञप्तिमा उल्लेख छ ।
संयुक्त राज्य अमेरिकाले अन्तरिम सरकारले आगामी महिनाहरूमा नयाँ निर्वाचनको तयारी गर्ने क्रममा नेपालसँग सहकार्य गर्न तयार रहेको जनाएको छ । राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई यही भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गरेका हुन ।रासस

# मुलुकभरिबाट तीन हजार ७२३ कैदीबन्दी पक्राउ

**काठमाडौँ।**
यही भदौ २३ र २४ गते जेनजी प्रदर्शनपछि सिर्जित परिस्थितिका कारण देशभरका विभिन्न कारागारबाट भागेकामध्ये तीन हजार ७२३ कैदीबन्दी पक्राउ परेका छन्।
नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले आईतवार मध्याह्नसम्ममा तीन हजार ७२३ कैदीबन्दी पक्राउ गरी कारागामा ल्याइएको जनाउँदै अझै १० हजार ३२० कैदीबन्दी फरार रहेकाले आवश्यक सर्तकता अपनाउन सर्वसाधारणमा आग्रह गरे।
उनका अनुसार कतिपयलाई भारत भाग्न खोजिरहेको अवस्थामा भारतीय प्रहरीले समातेर फिर्ता गरेका छन् भने कतिपय सेना, प्रहरी र सशस्त्र प्रहरीले पक्राउ गरेका हुन् । कतिपय आफैँ फिर्ता भएर कारागार आएका बताउँदै प्रवक्ता घिमिरेले कैदीबन्दीको खोजी अभियान जारी रहेको उल्लेख गरे । कैदीबन्दीका बारेमा केही सूचना प्राप्त भएमा नजिकको प्रहरी कार्यालय तथा सुरक्षा निकायमा जानकारी दिन पनि उनले सबैमा अनुरोध गरे।

**१३९ थुनुवा फर्किए, दुई हजार १०० फरार**

सोही प्रदर्शनका कारण मुलुकभरका प्रहरी कार्यालयका हिरासतबाट फरार भएकामध्ये १३९ जना थुनुवालाई पक्राउ गरिएको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार अझै दुई हजार १०० थुनुवा फरार छन् । फरार भएकाहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ । तोडफोड, आगजनी र प्रदर्शनका कारण कैदीबन्दीहरू यही भदौ २४ गते भागेका थिए।रासस

# व्यावसायिक सुरक्षा सुनिश्चित गर्न पर्यटन व्यवसायीको माग

**गण्डकी ।**
पोखरा पर्यटन परिषद्ले पर्यटन क्षेत्रमा व्यावसायिक सुरक्षा कायम राख्न माग गरेको छ । परिषद्का तर्फबाट अध्यक्ष तारानाथ पहारीले आईतवार सार्वजनिक अपिल जारी गर्दै आन्दोलनका नाममा हुने बन्द, हड्ताल, तोडफोड आगजनी जस्ता क्रियाकलापले पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभावित हुने बताउँदै यस क्षेत्रमा व्यावसायिक सुरक्षाका लागि सम्बद्ध सबैसँग आग्रह गरेका हुन ।
यही भदौ २३ र २४ गते जेनजीका नाममा भएको प्रदर्शनका क्रममा सार्वजनिक र निजी सम्पत्तिमाथिको तोडफोड, आगजनी तथा लुटपाटका घटनाका सम्बन्धमा परिषद्को गम्भीर ध्यानाकर्षण भएको उनको भनाइ छ ।
मुलुकमा विदेशी मुद्रा भित्राउने प्रमुख माध्यम पर्यटन उद्योगमाथि भएको प्रहारप्रति परिषद्ले खेद व्यक्त गरेको छ । कोभिड १९ पछि केही लयमा फर्कन लागेको पर्यटन व्यवसायलाई लक्षित गरी पर्यटन व्यवसायीका होटल, रेष्टुरेन्ट तथा पसलहरूमा भएको तोडफोड, आगजनी तथा लुटपाट एवम् पर्यटकीय सवारी साधनहरूमाथि गरिएको तोडफोड तथा आगजनीप्रति परिषद्ले गहिरो दुःख व्यक्त गरेको छ । साथै यसबाट आहत हुनुभएका सम्पूर्ण उद्यमी, व्यवसायीहरू प्रति साहानुभूति प्रकट गरेको छ ।
परिषद्ले प्रदर्शनका नाममा भएका यस्ता अवाञ्छित क्रियाकलापहरूको निष्पक्ष छानबिन गरी दोषी उपर कडा कानुनी कारबाही गर्न र पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्न माग गरेको छ ।
प्रदर्शनका क्रममा ज्यान गुमाएका सम्पूर्ण प्रति श्रद्धाञ्जली अर्पण गर्दै परिषद्ले शोक सन्तप्त परिवारजनमा समवेदना एवम् घाईतेहरूको शिघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।रासस

# पहिरोले एक परिवार विस्थापित

**बागलुङ ।**
बागलुङ नगरपालिका–८ सिगानामा पहिरो खस्दा एउटा गोठ पुरिएको छभने एक परिवार विस्थापित भएका छन् ।
सिगाना पाखाबारीस्थित रामबहादुर खड्काको घरमाथिबाट आएको पहिरोले गोठ पुरेको छभने घरमा आंशिक क्षति पुर्याएको छ । अहिले घरबाट सामग्री स्थानान्तरण गरिएको छ ।
परिवारलाई सुरक्षित ठाउँमा सारिएको बागलुङ –८ सिगानाका वडाध्यक्ष छमबहादुर कार्कीले जानकारी दिए । वडाध्यक्ष कार्कीका अनुसार घरमाथिबाट हालै सडक विस्तार गरिएकाले चट्टानसहितको ठूलो पहिरो खसेको थियो । पहिरोले सिगानाको विद्युत् वितरणको मुख्य ट्रान्सफर्मरमा समेत क्षति पुर्याएको छ ।रासस

# तीन दिनभित्र क्षतिको विवरण निकाल्ने शहरी मन्त्रालयको तयारी



**काठमाडौँ।**
सहरी विकास मन्त्रालयले तीन दिनभित्र आगलागीबाट क्षति भएका भौतिक संरचना, अन्य उपकरणलगायत गाडीहरूको विवरण निकाल्ने तयारी गरेको छ।
मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलको संयोजकत्वमा आईतवार मन्त्रालयमा बसेको बैठकले गत मङ्गबार 'जेनजी' युवाको प्रदर्शनका क्रममा भएको तोडफोड तथा आगजनीबाट पुगेको क्षतिको विवरण सङ्कलन गर्ने निर्णय गरेको हो।
मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले मन्त्रालयका ५० वटा गाडी जलेर खरानी भएका, केही गाडीहरू तोडफोड भएका, कार्यालयका उपकरण ताथ समानहरू चोरी भएका बताउँदै बाँकी क्षतिको विवरण सङ्कलन भइरहेको जानकारी दिए।
'सिंहदरबारका अधिकांश भवन आगलागीबाट जले पनि सहरी विकास मन्त्रालय भने जोगिएको छ, तर यहाँका समानहरू चोरी भएका छन् । गाडी जलेर सबै नष्ट भएका छन्।
हामी कार्यालयसम्म पैदल हिंडेर आएका हौँ', उनले भने, 'मन्त्रालयले तीन दिनभित्र क्षतिको विवरण निकाल्नेछ । आगामी दिनमा शोकलाई शक्तिमा बदल्दै कसरी अगाडि बढ्ने भन्ने तयारी पनि गरिरहेका छौँ।'
सचिव सिग्देलका अनुसार मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभाग भने आगलागीका कारण ६० प्रतिशत जलेका छन् । अब कहाँ बसेर काम गर्ने भन्ने विषयमा अन्योल रहेको उनको भनाइ छ ।
'मन्त्री क्वाटरसहित मन्त्रालयद्वारा निर्माण सम्पन्न भएका भवनहरूको पनि केकति क्षति भएको छ, सङ्कलन गर्नेछौँ । आज भने हामी कसरी अगाडि बढ्ने छलफल गर्ने, सरसफाइ गर्नेलगायत कार्य गरेका छौँ', उनले भने ।रासस

# सबै बीमा कम्पनीका कार्यालय सञ्चालनमा ल्याउन बीमा प्राधिकरणको निर्देशन




**काठमाडौं**
नेपाल बीमा प्राधिकरणले आज (आइतवार) देखि सबै बीमा कम्पनी र तिनका सबै शाखा कार्यालय सञ्चालनमा ल्याउन निर्देशन दिएको छ ।
प्राधिकरणले केही जेनजी आन्दोलनका कारण सिर्जना भएका विषम परिस्थितिहरू सामान्य हुँदै गएकाले कार्यालय सञ्चालन गर्न अनुमति दिएको हो ।
प्राधिकरणले भौतिक रूपमा कार्यालयमा उपस्थित भएर काम गर्न समेत निर्देशन दिएको छ ।
यसअघि प्राधिकरणले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन र प्रदर्शनका क्रममा भएको क्षतिको बीमा दावी भुक्तानीलाई सहज र सरल बनाउन पनि आदेश जारी गरिसकेको थियो ।
साथै प्रशासनले कफ्र्यू र निषेधाज्ञा हटाइरहेका कारण अब बीमा कम्पनीहरू नियमित रुपमा सेवा दिन सक्नेछन् ।

# प्रधानमन्त्री कार्कीद्वारा शहीदका सालिकमा माल्यार्पण

**काठमाडौँ ।**
नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले लैनचौर र सहिदगेटस्थित सहिदका सालिकमा माल्यार्पण गरेका छन । उनले आईतवार बिहान लैनचौर र सहिदगेट पुगेर सहिदका सालिकमा माल्यार्पण गरेका छन । प्रधानमन्त्री कार्की माल्यार्पणपछि पदबहालीका लागि सिंहदरबार प्रस्थान गरेका छन । राष्ट्रपति रामचन्द्र पौडेलले उहाँलाई यही भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गरेका हुन ।रासस

# 'पार्टीभित्रको सिमा र दायरा भत्काउँदै प्रश्न गरौँ र उत्तर खोजौँ'

**काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रका नेता तथा पूर्व मन्त्री सुदन किरातीले समय अनुसार पार्टी रूपान्तरणको लागि अभियान सुरु गर्न आग्रह गरेका छन् ।
आइतबार सामाजिक सञ्जालमार्फत उनले पार्टीभित्र सबै प्रकारको सीमा र दायरा भत्काउँदै प्रश्न गर्ने र उत्तर खोज्ने समय आएको बताए ।




उनले लेखेका छन्,'पार्टी भित्र सबै प्रकारको सिमा र दायरा भत्काउँदै प्रश्न गरौँ र उत्तर खोजौँ । समय अनुसार पार्टी रूपान्तरणको लागि अभियान थालौँ । विज्ञानले प्रश्नको र भक्तले भगवानको माग गर्छ । हामी विज्ञानको पक्षधर हौँ कि भगवानको ? स्पष्ट बनौँ ।'

# कैलाली भन्सार कार्यालयद्वारा आजदेखि नियमित सेवा सञ्चालन



**कैलाली ।**
जेनजी प्रदर्शनका क्रममा आगजनी तथा तोडफोडबाट क्षतिग्रस्त भएको कैलाली भन्सार कार्यालयले आईतवारदेखि नियमित सेवाप्रवाह सञ्चालन गरेको छ । क्षतिग्रस्त भन्सार कार्यालयबाट सेवा सञ्चालन गर्न समय लाग्ने भएकाले सवारीसाधन पार्किङ र गाडी मर्मतका लागि प्रयोग हुँदै आएको भवनबाट सेवाप्रवाह सञ्चालन गरिएको हो । भन्सार कार्यालयको पश्चिम–दक्षिण प्रवेशद्वारमा रहेको भवनबाट सीमित साधन स्रोतबाट सेवा सञ्चालन गरिएको भन्सार कार्यालयले जनाएको छ । सो भवनबाट बैंकको काउन्टर, आयातनिर्यातको स्वीकृतिलगायतको काम हुँदै आएको भन्सार कार्यालयका सूचना अधिकारी खेमप्रसाद अर्यालले बताए ।
भन्सार कार्यालयमा गरिएको तोडफोड र आगजनीबाट प्रशासनिक भवन, कर्मचारी निवास, सवारीसाधन, महत्वपूर्ण फाइलहरू, तथ्याङ्कलगायत सामग्री नष्ट भएको उनले जानकारी दिए । उनले भने, 'हामीसँग उपलब्ध भएका स्रोतसाधनको प्रयोगमार्फत कार्यालय सञ्चालन गरी सो भवनबाट सेवा प्रारम्भ गरेका छौँ ।'
कैलाली भन्सार कार्यालयले आयातनिर्यातको काम आजदेखि पुनःसञ्चालन गरेको छ । नेपाल आयलनिगम धनगढीको आग्रहमा पेट्रोलियम पदार्थका ट्याङ्कर भने बिहीबार नै धनगढी आयात गरिएको थियो । आजदेखि अन्य अतिआवश्यक वस्तुको आयात तथा निर्यातको काम कैलाली भन्सार कार्यालयले पूर्ण रुपमा सञ्चालन गरिएको सूचना अधिकारी अर्यालले जानकारी दिनुभयो । आजमात्रै भारतबाट सो भन्सार भएर २५ वटा मालबहाक गाडी भित्रिएको कार्यालयले जनाएको छ । रासस

# डोल्पा र जुम्लाका भेडाच्याङ्ग्रा मुस्ताङमा



**मुस्ताङ ।**
आसन्न दसैँ नजिकिँदै गर्दा डोल्पा र जुम्लाका भेडाच्याङ्ग्रा मुस्ताङ झारिएको छ । जुम्ला र डोल्पाबाट भेडाच्याङ्ग्रा पैदल खेदाएर दुई हप्तापछि मुस्ताङको जोमसोम ल्याई पु¥याएको यहाँ आइपुगेका व्यापारीहरुले बताएका छन् ।
यसवर्ष जुम्लाबाट करिब पाँच हजार भेडच्याङ्ग्रा मुस्ताङ भित्रिने जिल्ला भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको अनुमान छ । दसैँ नजिकिँदै गर्दा आजसम्म डोल्पाबाट पाँच÷छ हुल र जुम्लाबाट तीन हुलजति भेडाच्याङ्ग्रा जोमसोममा देखापरेका छन् । यहाँ आइपुगेका व्यापारीले अरु व्यापारीले पनि एक दुई दिनभित्रै सबै भेडाच्याङ्ग्रा जोमसोम ल्याउने जनाएका छन् ।
डोल्पा र जुम्लाका भेडाच्याङ्ग्रा जोमसोम आइपुग्दा बारागुङ मुक्तिक्षेत्र र उपल्लो मुस्ताङका व्यापारीले भेडाच्याङ्ग्रा जोमसोम ल्याएका छैनन् । यस वर्ष मुस्ताङबाट १२ हजार भेडाच्याङ्ग्रा जिल्ला बाहिर बिक्री हुने भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र कार्यालयको प्रक्षेपण छ ।
डोल्पास्थित काइके गाउँपालिकाका स्थानीय च्याङ्ग्रा व्यापारी भीमप्रसाद घर्तीले १७० भेडाच्याङ्ग्रा बिक्रीका लागि जोमसोम ल्याएको बताए । उनले डोल्पा र चाइनाको सिमानाका मोरिम्ला नाकामा पुगेर किसानको गोठमै खरिद गरी बिक्रीका लागि भेडाच्याङ्ग्रा मुस्ताङ ल्याएको उल्लेख गरे ।
व्यापारी घर्तीले यसवर्ष चाइनाबाट तीन हजार र डोल्पाबाट एक हजार गरी अनुमानित चार हजार बढी भेडाच्याङ्ग्रा मुस्ताङ आउने क्रममा रहेको जानकारी दिए । विगत दुई दशकदेखि निरन्तर बर्सेनि च्याङ्ग्राको व्यापार गर्दै आइरहेका घर्ती यसवर्ष भेडाच्याङ्ग्रा बिक्री नहुने हो की भनी चिन्ता बढेको उल्लेख गरे ।
'बेंसीतिर आन्दोलन र अशान्ति छ रे भन्ने सुनेको छु, त्यसो भएत व्यापारी पनि यहाँ आउँदैनन् होला, तल लैजाँदै बिक्री नहुने पो हो कि थाहा छैन', उनले भने ।
अहिलेसम्म च्याङ्ग्राको व्यापार गर्दा सन्तुष्ट रहेको भए पनि यसवर्ष च्याङ्ग्राको व्यापारमा डर लागिरहेको घर्तीले जनाए । चाइनाबाट खरिद गरी डोल्पामा राखेर त्यहाँबाट पैदल खेदाएर एक हप्तापछि जोमसोम आइपुगेको उनले बताए ।
यसैगरी, जुम्लाका च्याङ्ग्रा व्यापारी गोविन्द बस्नेतले १५० च्याङ्ग्रा बिक्रीका जोमसोम ल्याएको जानकारी दिए । डोल्पाबाट हुलका हुल च्याङ्ग्रा मुस्ताङ ल्याइँदै गरेको र जुम्लाबाट पनि ६०० बढी भेडाच्याङ्ग्रा बिक्रीका लागि मुस्ताङ भित्रिसकेको उल्लेख गरे । यस वर्ष जुम्लाबाट हुल च्याङ्ग्रा जोमसोममा आइपुगेको उनले सुनाए ।
'आधाजसो च्याङ्ग्रा आफैँले पालेका छन्, आधाजसो च्याङ्ग्रा किनेर थपेको हुँ', व्यापारी बस्नेतले भने, 'यहाँ ल्याउँदा दुई हप्ता लाग्यो, खर्च पनि रु ५०/६० हजार भइसक्यो ।' व्यापारी बस्नेतले च्याङ्ग्राको भाउ पाए यही जोमसोममै बिक्री गर्ने र नभए पोखरा लगेर बिक्री गर्ने योजना रहेको बताए ।
जोमसोममा यतिखेर पाँच÷सात हुल भेडाच्याङ्ग्रा झारिएको छ । यहाँ व्यापारीले रोज्जा प्रतिच्याङ्ग्राको भाउ ३५ हजार रुपैयाँ र रोज्जा प्रतिभेडाको भाउ ३० हजार रुपैयाँ मूल्यमा बिक्री गर्ने बताइरहेका छन् ।
जोमसोममा डोल्पा र जुम्लाबाट छिटफुट भेडाच्याङ्ग्रा झर्दै गर्दा बेंसीका भेडाच्याङ्ग्रा व्यापारीको रौनक जोमसोममा खासै देखिएको छैन । देशको पछिल्लो विद्यमान परिस्थितिका कारण च्याङ्ग्रा व्यापारी मुस्ताङ आउन ढिलो हुन पुगेको स्थानीयको बुझाइ छ । दसैँलक्षित भेडाच्याङ्ग्रा खरिद गर्न विगतका वर्षमा म्याग्दी, बाग्लुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँलगायत व्यापारी मुस्ताङ आउने गर्थे ।रासस

# औलामा खेलमैदान र सामुदायिक भवन निर्माण

**म्याग्दी ।**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ औलामा सामुदायिक भवन र खेलमैदान निर्माण भएको छ ।अन्नपूर्ण गाउँपालिकाको रु ४५ लाख अनुदान सहयोग र स्थानीयवासीको श्रमदानमा बास्केटबल, भलिबल खेल सञ्चालन गर्न मिल्ने पक्की खेलमैदानसँगै चारकोठे एकतले भवन निर्माण भएको हो ।
भवन र खेलमैदान निर्माण भएपछि एक सय २५ घरपरिवारको बसोबास रहेको औलाका बासिन्दालाई खेलअभ्यास, प्रतियोगिता सञ्चालन, क्लब, आमा समूहको कार्यालय सञ्चालनमा सहज भएको अन्नपूर्ण गाउँपालिका–७ का वडाध्यक्ष मइलन गर्बुजा पुनले बताए ।
'आर्थिक वर्ष २०७९÷ ०८० देखि २०८१÷८२ सम्म गाउँपालिकाले वार्षिक १५÷१५ लाख रुपैयाँ बजेट विनियोजन गरेको पहिलो वर्ष खेलमैदान ढलान, दोस्रो वर्ष प्यारापिट र भवनको जग निर्माण भएको थियो', उनले भने, 'भवन ढलान, कोठा र सटर, छतमा रेलिङ निर्माण, रङरोगन र विद्युत् जडान गरेर आव २०८१÷ ८२ मा भवन निर्माणलाई पूर्णता दिएको हो ।'
भवनको दुईवटा सटर व्यावसायिक प्रयोजनका लागि भाडामा लगाएर क्लबको आम्दानीको स्रोत बनाउने योजना रहेको उपभोक्ता समितिका अध्यक्ष डिलबहादुर पुनले बताए ।
करिब ३० वर्षअघि ढलान गरिएको खेलमैदान उप्किएर जीर्ण बनेको थियो । खेलमैदानमा बास्केटबलको फाइवर बोर्ड पनि राखिएको छ ।रासस

# पश्चिम बागलुङका किसानलाई आलु भित्र्याउन व्यस्त

**बागलुङ ।**
बागलुङको पश्चिम क्षेत्रका किसान यतिबेला आलु भित्र्याउने चटारोमा छन् । जिल्लाको निसीखोला, तामाखोला गाउँपालिका सहित ढोरपाटन र गलकोट नगरपालिकाको केही स्थानका किसानलाई आलु भित्र्याउन भ्याइनभ्याइ छ । अहिले बर्खे आलु भित्र्याउने याम रहेको हुँदा अधिकांश किसान बारीमा भेटिन्छन् । एउटै किसानले धेरै क्षेत्रमा आलुखेती गर्दै आएका छन् ।
आलु उत्पादनका हिसाबले प्रसिद्ध मानिने ढोरपाटन उपत्यका, निसीखोलाको भल्कोट, सीप, लुप्राबाङ, निसेलढोर, गलकोटको पाण्डवखानी, रमुवालगायत स्थानका किसान बारीमै भेटिने गरेका छन् । हरेक वर्ष बागलुङमा एक अर्ब रुपैयाँ बढीको आलु उत्पादन हुँदै आएको छ । यहाँका किसानले चैतमा आलु लगाउने र असोज पहिलो सातासम्म भित्र्याउने गर्छन् । यतिबेला ढोरपाटनका अधिकांश किसान आलु भित्र्याउनमा व्यस्त गरेको स्थानीय झकेन्द्र सुनारले बताए । एक साता अगाडिसम्म भारी वर्षा भइरहेको हुँदा बारीमा हिलोका कारण जान नसकेको भन्दै अहिले वर्षा रोकिएपछि किसानले धमाधम आलु भित्र्याउने काम गरिरहेको उनले बताए । आफूले ढोरपाटनमा करिब ७० रोपनी जग्गामा आलु लगाएको सुनाउँदै यस वर्ष राम्रो उत्पादन भएको सुनारले सुनाए । ढोरपाटन क्षेत्रका किसानले असोज १० गतेसम्म आलु भित्र्याइसक्ने उनि बताउछन । सुनारले भने, 'ढोरपाटनमा धेरै वर्ष अगाडिदेखि आलुखेती हुँदै आएको थियो, अहिले थप व्यवस्थित रूपमा जग्गा चक्लाबन्दी नै गरेर व्यावसायिक रूपमा खेती गर्न थालेका छौँ, परम्परागत खेती प्रणालीसँगै नयाँ प्रविधिको पनि प्रयोग गर्न थालेका छौँ, यस वर्ष आलु राम्रो फलेको छ, भदौ लाग्दाबाटै आलु भित्र्याउनुपथ्र्यो तर लामो वर्षा हुँदा अहिले चटारो छ, यहाँका कोहीलाई पनि यतिबेला फुर्सद छैन, धेरैजसो स्थानीयवासी बारीमा आलु निकाल्दै छन् ।'
निसीखोला–६ का स्थानीय कर्णबहादुर घर्तीले निरन्तरको वर्षाले आलु कुहिने जोखिम रहेको बताए । आलु भित्र्याउने समयमा परेको भारी वर्षाले अहिले बल्ल बारीबाट निकाल्न सुरु गरेको उनको भनाइ छ । यसपालि आलु लगाउने बेला लामो खडेरी परेको र खन्ने बेला भारी वर्षा हुँदा उत्पादनमा गिरावट आउने देखिएको घर्ती बताउछन ।
आलुखेती बढाउनका लागि जिल्लाभर क्षेत्र विस्तार गर्न थालिएको छ । बागलुङमा सबै ठाउँमा आलु राम्रो उत्पादन हुने हुँदा कृषि ज्ञान केन्द्रले बर्सेनि लाखौँ लगानी गर्दै आएको छ । आव २०८०÷८१ देखि खायन आलुको क्षेत्र विस्तार गर्दै आएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले बताए । उनका अनुसार २०८०/८१ मा दुई करोड ६० लाख रुपैयाँ, २०८१/८२ मा एक करोड ५९ लाख रुपैयाँ र चालु आवमा ५५ लाख ९० हजार रुपैयाँ क्षेत्र विस्तार भएको छ ।
अहिले जिल्लाभर तीन हजार ७०० हेक्टरमा आलुखेती हुँदै आएको छ । यस वर्ष थप ४३ हेक्टर क्षेत्रफलमा आलुखेती विस्तार गर्ने ज्ञान केन्द्रले जनाएको छ । अघिल्लो वर्ष ५६ हजार २४० मेट्रिक टन आलु उत्पादन भएको थियो । यस वर्ष बढ्ने आकलन गरिएको प्रमुख सिलवालको भनाइ छ ।रासस

# जडीबुटीलगायतबाट पौने छ करोड आम्दानी

**गण्डकी ।**
जडीबुटीलगायत स्थानीय स्रोत साधनको उपयोगबाट अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले गत आवमा पाँच करोड ७७ लाख रुपैयाँ आम्दानी गरेको छ । 'एक्याप'मा रहेका ५७ संरक्षण क्षेत्र व्यवस्थापन समितिमार्फत उक्त रकम सङ्कलन भएको हो । जडीबुटी, काठदाउरा आदिको सङ्कलन तथा उपयोगबाट हुने आम्दानी स्थानीयस्तरमै संरक्षण गतिविधि र विकास निर्माणका काममा खर्च हुने गरेको आयोजना प्रमुख डा रविन कडरियाले बताए ।
उनका अनुसार प्राकृतिक स्रोतको स्थानीय उपयोगबाट आव २०८०/८१ मा तीन करोड ९० लाख रुपैयाँ सङ्कलन भएको थियो । सोको तुलनामा पछिल्लो वर्ष झण्डै दुई करोड रुपैयाँले आम्दानी बढेको उनले बताए । 'जडीबुटी, काठदाउरा, ढुङ्गा गिट्टीलगायतको उपयोगबापत संरक्षण क्षेत्र व्यवस्थापन समितिले सो रकम उठाउने गर्छन', आयोजना प्रमुख डा कडरियाले भने, 'सङ्कलित रकमलाई व्यवस्थापन समितिले वार्षिक कार्यक्रम र योजना बनाएर खर्च गर्छन् ।'
अन्नपूर्ण संरक्षण क्षेत्रमा बहुमूल्य यार्सागुम्बालगायत जडीबुटीको सङ्कलन तथा निकासी हुँदै आएको छ । जडीबुटीबाट स्थानीयको आयआर्जनमा महत्त्वपूर्ण टेवा पुगेको छ । 'एक्याप'ले प्राकृतिक स्रोतसाधनको उपयोग र संरक्षणसम्बन्धी सचेतना अभियान सञ्चालन गर्दै आएको आयोजना प्रमुख डा कडरियाले बताए । पर्यटक प्रवेश शुल्कलगायतबाट हुने आम्दानीलाई संरक्षण गतिविधि र पर्यटन प्रवद्र्धनका कार्यक्रममा खर्च गर्ने गरिएको उनको भनाइ छ ।
'एक्याप'ले पदमार्ग, फोहर व्यवस्थापन, साना सिँचाइ, खानेपानी आयोजना निर्माण, आयआर्जन, संरक्षण शिक्षालगायतका गतिविधि सञ्चालन गर्दै आएको छ । यस क्षेत्रको भ्रमणमा आउने विदेशी पर्यटकको प्रवेश शुल्कबाट मात्र वार्षिक करोडौँ रुपैयाँ राजस्व सङ्कलन हुने गरेको छ । 'एक्याप'भित्र पर्ने निषेधित क्षेत्रमा अनुमति लिएर भ्रमण गर्ने पर्यटकले तिर्ने शुल्कबाट पनि राज्यकोषमा योगदान पुग्दै आएको छ ।
विदेशी नागरिकका लागि निषेधित उपल्लो मुस्ताङ र मनाङको नार फू क्षेत्रमा प्रवेश गरेका पर्यटबाट गत आवमा ३० करोड १७ लाख ५२ हजार रुपैयाँ प्रवेश शुल्क उठेको थियो ।
सरकारले तिब्बतसँग नाका जोडिएका क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको छ । ती क्षेत्रको भ्रमणमा जाने विदेशी पर्यटकले अनुमति लिनुपर्ने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने उपल्लो मुस्ताङ र मनाङको नार फू क्षेत्रमा अधिकांश पर्यटक पदयात्राका लागि जाने गरेका छन् ।रासस

# सीमान्तकृतलाई आयआर्जन कार्यक्रम

**गुल्मी ।**
जिल्लामा सीमान्तकृत वर्गका लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहयोगमा चन्द्रकोट गाउँपालिका र सत्यवती गाउँपालिकामा दलित तथा सीमान्तकृत वर्गका नागरिकको जीविकोपार्जनमा सहयोग पुर्याउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।
लुम्बिनी प्रदेश सरकारअन्तर्गत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सहयोगमा दलित तथा सीमान्तकृत वर्गका लागि २० लाख रुपैयाँ अनुदान रकम उपलब्ध गराइएको छ ।
प्रदेश सरकारले सत्यवती र चन्द्रकोटमा लक्षित समुदायका परिवारको आयआर्जमा वृद्धि गर्दै उनीहरूको जीविकोपार्जनमा सहयोग पुर्याउने उद्देश्यले लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम सञ्चालन गरेको हो ।
समुदाय विशेष आयआर्जन कार्यक्रमअन्तर्गत सत्यवती गाउँपालिका–३ स्थित ठूलोलुम्पेक र चन्द्रकोट गाउँपालिका–७ स्थित बोटेगाउँमा आर्थिक रूपमा विपन्न समुदायलाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख हुमनाथ पाण्डेले जानकारी दिएका छन । उनले सत्यवती गाउँपालिकामा दलित समुदायका २२ घरपरिवारलाई १० लाख रुपैयाँ र चन्द्रकोटमा सीमान्तकृत समुदायका लागि १० लाख रुपैयाँ अनुदान उपलब्ध गराइसकिएको बताए ।



उक्त अनुदानबाट लक्षित वर्गका किसानले सत्यवतीमा २२ वटा उन्नत जातका मुर्रा भैँसीका पाडी र चन्द्रकोटमा २० घरपरिवारले उन्नत जातका बाख्रापालन गरिरहेको सत्यवती गाउँपालिका–३ का वडाध्यक्ष जितबहादुर तरामु मगरले बताए ।
भेटेरिनरी कार्यालयबाट त्यस समुदायका किसानका लागि गोठ सुधार, औषधि उपचार एवं पशुपालनसम्बन्धी तालिम उपलब्ध गराउँदै आएको छ । सीमान्तकृत वर्गअन्तर्गत बोटेमाझीका २० घरलाई प्रतिपरिवार ५० हजार रुपैयाँ र सत्यवतीमा दलित समुदायका २२ परिवारका लागि ४५ हजार रुपैयाँ का दरले अनुदान उपलब्ध गराइएको छ । उक्त अनुदान रकमले त्यहाँका समुदायले यतिबेला भैँसी र बाख्रापालन गरेर आयआर्जन गर्न थालेका छन् ।
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट बाख्रापालनका लागि आधुनिक किसिमको खोर निर्माण, बीउबोका वितरण, घाँसका बिरुवा, जुकाको औषधि र भिटामिन उपलब्ध गराउनुका अतिरिक्त किसानलाई तालिमसमेत उपलब्ध गराएको छ ।
सत्यवती गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेले लक्षित वर्गलाई प्रमुख प्राथमिकतामा राखेर सञ्चालन गरिएका यस्ता प्रकारका कार्यक्रमले दलित तथा सीमान्तकृत समुदायको आर्थिक अवस्था सुधारमा सहयोग पुग्ने बताए ।
कृषि तथा पशुपन्छी विकास कार्यक्रमअन्तर्गत जिल्लामा पहिलोपटक उक्त कार्यक्रम सञ्चालन गरिएको हो । रासस

# चोरी डकैटीबाट बचाउन युवाको गस्ती

**भक्तपुर।**
रात चकमन्न हुन्छ। सबैतिर सन्नाटा छाउँछ। सबै नागरिक सुत्छन् तर सिरुटारका युवाहरू भने उठ्छन्। आफ्नो गाउँ र टोलवासीलाई सुरक्षित राख्न, चोरी डकैटीबाट बचाउन यहाँका युवाहरू आफैँ गस्ती गर्न थालेपछि यहाँका सिङ्गो बस्ती सुतिरहँदा युवाहरू भने उठेर रातभरि गस्ती गर्ने गरेका छन्।

सूर्यविनायक नगरपालिका–१ सिरुटारका युवाहरूले सिरुटार उपयोगी चोकदेखि माथिल्लो सिरुटार थापागाउँसम्म करिब पाँच किलोमिटर आसपास क्षेत्रमा विगत तीन दिनदखि रातभरि गस्ती सुरु गरेका स्थानीय अनुप राउतले जानकारी दिए। रातको समयमा गाउँगाउँमा अपरिचित र घरेलु हतियार बोकेका व्यक्ति प्रवेश गरेका भन्दै भक्तपुरका गाउँगाउँमा, वडावडामा स्थानीय युवाले रातभरि गस्ती गर्न सुरु गरेका उनले बताए।

करिब २५ युवाले चोकचोकमा दस्ता बनाएर रातभरि हातमा लाठी बोकेर गाउँको सरक्षण गर्न खटिएका सिरुटार उपयोगी चोकका स्थानीय सचिन श्रेष्ठले जानकारी दिए।

प्रहरी नियमित रूपमा आफ्नो ड्युटीमा फर्किन नसकेको र गस्ती पनि गर्न नसकेको अवस्थामा गाउँमा नयाँ व्यक्तिको आवतजावत धेरै बढेकाले सम्भावित लुटपाट, चोरी, डकैटी रोक्न गर्दै स्थानीयले दिउँसो चनाखो हुने तथा रातभर युवा दस्ता बनाएर गस्ती गर्ने गरेका छन्।

दधिकोट क्षेत्रबाट २०–२५ जना अपरिचित व्यक्ति हतियारसहित सिरुटार छिरेको जानकारी आएपछि युवाहरू आफ्नो गाउँको सुरक्षाका लागि रातभरि गस्ती सुरु गरेका छन्। प्रहरी आफैले गस्ती गर्ने अवस्था नआएसम्म युवाले गस्ती जारी राख्ने स्थानीय अमित राउतले बताए।

उनले भने, 'यतिखेर आफ्नो घरमात्र होइन, आफ्नो गाउँ र टोलको सुरक्षा गर्न आफैं खटिनुपर्ने बेला आएको छ, त्यसैले स्थिति सामान्य नभएसम्म हरेक दिन हामी राति पालैपालो गस्ती गर्छौं।'


सिपाडोलमा वडा तहबाटै सुरक्षा समन्वय समिति गठन गरेर गस्ती सुरु गरिएको छ।

स्थानीयस्तरमा बढ्दो आपराधिक गतिविधि रोक्दै शान्ति सुरक्षा कायम गर्न वडाध्यक्ष पुष्पराज बस्नेतको संयोजकतत्वमा प्रहरी बृत्त जगातिका प्रहरी नायब उपरीक्षक रमेश पाल सदस्य सचिव रहनेगरी ३३ सदस्यीय सुरक्षा समन्वय समिति गठन गरेको छ। समन्वय समितिले स्थानीयस्तरमा आपराधिक गतिविधि नियन्त्रण गर्ने भूमिका निर्वाह गर्ने वडाध्यक्ष बस्नेतले जानकारी दिए। सूर्यविनायक–७ गुण्डुमा पनि स्थानीयले गस्ती सुरु गरेका छन्। दिउँसो अपरिचित व्यक्तिको झुण्ड गाउँगाउँमा घुमेको देखिएपछि टोलटोलमा स्थानीयले गस्ती सुरु गरेका हुन्। आज राति नयाँ मानिसको झुण्ड गाउँमा पसेपछि गुण्डुवासीले केहीलाई समातेको र केहीलाई भगाएको स्थानीयले जानकारी दिएका छन्।

प्रहरी सहज रूपमा बाहिर आएर गस्ती गर्न सक्ने अवस्था नभएपछि स्थानीय आफँले गस्ती गर्न सुरु गरेको भन्दै दिउँसो पनि आफ्नो घर र गाउँमा सुरक्षित रहँदै चनाखो हुन जनप्रतिनिधिले आह्वान गरेको स्थानीय अमित राउतले जानकारी दिए। चाँगुनारायण नगरपालिका–२ दुवाकोटमा पनि तीन दिनदेखि रातभरि गस्ती गर्ने गरेको वडाध्यक्ष सोम प्रधानले जानकारी दिए।रासस

# सार्वजनिक जग्गा संरक्षण गरी चिस्यान केन्द्र निर्माण

**तनहुँ।**
व्यास नगरपालिका–११ गैह्राबारीमा रहेको तीन रोपनी सार्वजनिक जग्गा संरक्षण गरी चिस्यान केन्द्र निर्माण गरिएको छ।



वर्षौँदेखि व्यक्तिले कब्जा गरेर भोगचलन गर्दै आएको उक्त जग्गा नगरपालिकाले संरक्षण गरी एक सय ३० मेट्रिक टन क्षमताको चिस्यान केन्द्र निर्माण गरी सञ्चालनमा ल्याएको हो। पहिलो वर्ष किसानले उत्पादन गरेको आठ मेट्रिक टन आलुको बीउ निःशुल्क रूपमा भण्डारण गर्ने व्यवस्था मिलाइएको नगरपालिकाको कृषि, पशुपन्छी तथा सहकारी विकास उपशाखाकी प्रमुख समीक्षा पोखरेलले जानकारी दिए।

आगामी आर्थिक वर्षदेखि व्यास नगरपालिकामा उत्पादन भएको आलु, सुन्तलालगायत फलफूल र तरकारी पूर्ण रूपमा भण्डारण गर्न सकिने छ। केन्द्र सञ्चालनको पहिलो वर्ष परीक्षणको समय भएकाले किसानले उत्पादन गरेका बीउ आलु भण्डारणमा निःशुल्क गरिएको उनले बताए।

'पहिलो वर्ष भएकाले आलु भण्डारण गर्दा क्षति भएमा त्यसको जोखिम नगरपालिकाले व्यहोर्ने प्रतिबद्धता जनाएपछि भण्डारण गरिएको हो', प्रमुख पोखरेलले भने।

व्यास–९ को सुनौलो नयाँ गोरेटो सहकारी संस्था, व्यास–५ को हरियाली कृषक समूह, व्यास–६ को श्याम्घा साना किसान समूह, रिस्ती मादी कृषक समूह र कृषि ज्ञान केन्द्रबाट गरी उक्त परिमाणको आलुको बीउ भण्डारण गरिएको छ। नगरपालिकाले चिस्यान केन्द्र सञ्चालनका लागि तीन पटकसम्म सूचना जारी गर्दा पनि कुनै सहकारी संस्था र प्राइभेट फर्मबाट समेत आवेदन नआएपछि नगरपालिका आफैँले चलाउँदै आएको छ।

गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा केन्द्र निर्माण गरिएको हो।

केन्द्र निर्माणको जिम्मा देवचुली कन्ट्रक्सन कम्पनी प्रालिले लिएको थियो। विसं २०७८ भदौ १३ गते कम्पनीले सम्झौता गरी निर्माण अघि बढाएको थियो।

विद्युत् प्राधिकरणले समयमा 'थ्री फेज'को ट्रान्समिटर जडान नगरिदिंदा एक वर्ष ढिला गरी सञ्चालनमा ल्याइएको व्यास नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिए।

उनका अनुसार प्रारम्भिक ठेक्का रकम एक करोड ६२ लाख ३२ हजार रुपैयाँ रहेकामा थप १९ लाख ९८ हजार रुपैयाँ वृद्धि भई करसहित करोड ९१ लाख ३२ हजार रुपैयाँ लागत रहेको छ।

नगरपालिकामा चिस्यान केन्द्र निर्माण भएपछि वार्षिक करिब पाँच करोड रुपैयाँ बाहिरिनबाट रोकिने शाखा अधिकृत तिवारीले बताए। उनले भने, 'व्यासमा चिस्यान केन्द्र सञ्चालनमा आएपछि आलु, फलफूल, तरकारीलगायत कृषिउपज भण्डारण गरी सुरक्षित राख्न सकिन्छ, योसँगै कृषिउपज भण्डारणका लागि पोखरा र चितवन लैजानुपर्ने समस्याको अन्त्य हुने विश्वास गरेका छौँ।'

चिस्यान केन्द्र सञ्चालनमा आएसँगै कृषिउपज भण्डारणमा सहज हुने भएपछि यहाँका किसान उत्साहित भएका छन्।

विशेषगरी आलु, सागसब्जी तथा अन्य कृषिउपजको दीर्घकालीन भण्डारण गरी बजारमा मूल्य सन्तुलन कायम गर्न चिस्यान केन्द्र महत्त्वपूर्ण हुने नगरपालिकाले जनाएको छ।रासस

# स्थानीय तहमा सक्दो छिटो सेवा दिने तयारी




**कञ्चनपुर।**
'जेनजी पुस्ता'को आन्दोलनका क्रममा थुप्रै सरकारी कार्यालयमा तोडफोड र आगजनी भएपछि स्थानीय तहमा सेवा सञ्चालनबारे अन्योल छ। स्थानीय तहमा आगजनी र तोडफोड भएपछि सेवामा बाधा पुगेको छ।

सरकारी कार्यालयका कम्प्युटरदेखि कागजात र फनिर्चर जलेर नष्ट भएपछि तत्काल सेवा प्रवाहमा समस्या देखिएको कृष्णपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खगेन्द्रप्रसाद भट्टले जानकारी दिए।

'वडा कार्यालय र पालिकामा रहेका कम्प्युटरदेखि कागजात र फनिर्चर अधिकांश नष्ट भएका भएका छन्, केही शाखाको अलिकति मात्र बचेको छ', उनले भने, 'तत्काल सेवा दिन सकिने अवस्था छैन।' उनले क्षतिको विवरण सङ्कलन र मुचुल्का उठाउने काम भइरहेको उल्लेख गर्दै सेवा प्रवाहमा अझै केही दिन लाग्ने बताए। 'अहिले सरसफाइमै बढी ध्यान दिएका छौँ, सक्दो छिटो सेवा दिने तयारीमा लागेका छौँ।'

कञ्चनपुरमा मात्र आन्दोलनकारीले ३० सरकारी कार्यालयमा आगजनी र तोडफोड गरेका छन्। केही कार्यालयमा सामान्य क्षति भएको छ भने कतिपय कार्यालय ध्वस्त भएका छन्। शुक्लाफाँटा नगरपालिकाको कार्यालयसँगै वडा नं १, ४, ५, ६, ७, ८, ९, १०, ११ र १२ का कार्यालयमा आगजानी र तोडफोड हुँदा पूर्ण रूपमा ध्वत भएका छन्। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज विष्टले वडा कार्यालय पूर्ण क्षति भएका कारण तत्कालसेवा दिन कठिनाइ भइरहेको जानकारी दिए।

कञ्चनपुरमा सरकारी कार्यालयसँग नेताहरूका निजी घर, पार्टी कार्यालय र व्यावसायिक प्रतिष्ठानमा समेत आगजनी र तोडफोड भएपछि स्थानीय तहका कर्मचारी त्रसित छन्। दोधारा चाँदनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त मिश्रले ढुक्क भएर सेवा प्रवाह गर्न सक्ने अवस्था नरहेको बताए।

'कार्यालयमा आगजनी र तोडफोड भएपछि कर्मचारी त्रसित बनेका छन्, सेवा प्रवाह गर्न तयारी गरिरहेका छौँ।' आइतबारदेखि प्रशासनले निषेधाज्ञा कफ्र्यू हटाए पनि सेवा प्रवाह कसरी सञ्चालन गर्ने अन्योल छ।

जिल्ला प्रशासन कार्यालयमा पनि आगजनी र तोडफोडका कारण सेवा प्रवाहमा समस्या भएको छ। सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीले आगजनी र तोडफोडले विद्युत्, इन्टरनेट र नागरिकता प्रणालीमा क्षति पुगेको बताए। जिल्ला प्रशासन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गेट, कञ्चनपुर कारागार, इलाका प्रहरी कार्यालय त्रिभुवनबस्ती र गुलरिया, सरकारी वकिल कार्यालय, शुक्लाफाँटा नगरपालिका कार्यालय र वडा नं १ देखि १२ सम्मका वडा कार्यालय, पुनर्वास र कृष्णपुर नगरपालिकाका कार्यालय र चार वडा कार्यालयमा तोडफोड र आगजनी भएको छ।

त्यसैगरी, भीमदत्त नगरपालिका कार्यालय र बेलडाँडी गाउँपालिका कार्यालयमा तोडफोड र आगजनी गरी भौतिक संरचना, कागजपत्र, फर्निचर र अन्य सामग्रीमा नोक्सानी पुर्याइएको छ। तोडफोड र आगजनी हुँदा भौतिक संरचना, फर्निचर र सवारीसाधनमा ठूलो क्षति भएको छ। आन्दोलनका क्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाली कांग्रेसका पार्टी कार्यालयमा समेत आगजनी र तोडफोड गरिएको छ।

त्यसैगरी, निवर्तमान गृहमन्त्री रमेश लेखक, पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावल, पूर्वमन्त्री प्रकाश रावल, भीमदत्त नगरपालिकाका प्रमुख पदम बोगटी, उपप्रमुख निलम लेखक, पूर्वसांसद निरुदेवी पाल, प्रदेशसभा सदस्य मधु भारती, वेदकोट नगरपालिकाका प्रमुख भोजराज बोहरा, भीमदत्तका पूर्वनगरप्रमुख सुरेन्द्र विष्ट, जिसस प्रमुख दुर्गादत्त बोहरा, कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशी, कृष्णपुर नगरपालिकाका प्रमुख हेमराज ओझालगायतका घरमा आगजनी र तोडफोड गरिएको छ। प्रहरीका अनुसार होटल ओपेरा, सीएमजी क्यासिनो, विपीन पुस्तक पसल, रोयल सिलाइ सेन्टर र डायमन्ड क्यासिनोमा समेत तोडफोड, आगजनी र लुटपाट भएको छ।रासस

# गिद्धको सङ्ख्या बढ्दै, संरक्षणकर्मी उत्साहित

**कञ्चनपुर।**
सुदूरपश्चिम प्रदेशमा गिद्धको सङ्ख्या विगतको तुलनामा क्रमशः बढ्दै गएको पाइएको छ। गिद्धको सङ्ख्या बढ्नुमा वातावरणीय सन्तुलन, स्वच्छता र खाद्य शृङ्खला कायम राख्नका लागि उत्साहजनक सङ्केतका रूपमा लिइएको छ।



नेपाल पन्छी संरक्षण सङ्घ (बिसिएन)ले हरेक वर्ष सञ्चालन गर्ने गिद्ध गुँड अनुगमनअनुसार यस वर्ष सक्रिय गुँडको सङ्ख्या एक सय ५५ पुगेको छ, जुन गत वर्षको तुलनामा वृद्धि हो। बिसिएनका अनुसार गत वर्ष एक सय ४३ वटा सक्रिय गुँड भेटिएका थिए भने यस वर्ष बढेर एक सय ५५ पुगेका छन्। कञ्चनपुरमा सबैभन्दा बढी एक सय २६ गुँड फेला परेका छन्। त्यस्तै बैतडीमा १२, डडेलधुरामा १० र कैलालीमा सात गुँड भेटिएका छन्। यस वर्ष कञ्चनपुर र डडेल्धुरामा गुँड सङ्ख्या बढेको भए पनि कैलाली र बैतडीमा भने केही घटेको देखिन्छ।

सुदूरपश्चिम प्रदेशमा नौ प्रजातिका गिद्ध पाइन्छन्। तीमध्ये अति सङ्कटापन्नमा पर्ने डङ्गर, सानो खैरो, लामो ठुँडे, सुन गिद्ध, सङ्कटापन्न सेतो गिद्ध र सङ्कटको नजिक रहेका हिमाली, हाडफोर, खैरो र राज गिद्ध रहेका छन्। कञ्चनपुरमा आठ प्रजाति र कैलालीमा सात प्रजातिका गिद्ध फेलापरेका छन्। यसले सुदूरपश्चिमलाई गिद्धका लागि महत्त्वपूर्ण आवास क्षेत्रका रूपमा चिनाएको छ।

राष्ट्रिय गिद्ध गणना सेप्टेम्बर ५, ६ र ७ तारिखमा गरिएको थियो। सोही क्रममा गिद्ध र गुँडको सङ्ख्या एकिन गएिको नेपाल पन्छी संरक्षण सङ्घका चराविज्ञ हिरूलाल डगौराले बताए। उनका अनुसार गणनाको उद्देश्य गिद्धको आधारभूत 'डाटाबेस' निर्माण गर्नु, राष्ट्रिय गिद्ध डाटाबेसलाई व्यवस्थित गर्नु र संरक्षणका लागि तथ्याङ्कीय आधार तयार गर्नु रहेको थियो।

गणनामा ४८ स्वयंसेवक सुदूरपश्चिमका विभिन्न जिल्लामा खटिएका थिए। 'टोलीले अवलोकन गरिएको स्थलको जिपीएस स्थानसमेत अभिलेख राखेको छ', उनले भने, 'गिद्धबाहेक अन्य चराचुरुङ्गी र स्तनधारी जनावरको पनि विवरण सङ्कलन गरिएको छ।'

यस वर्षको गणनामा सुदूरपश्चिम प्रदेशमा जम्मा पाँच सय ७३ गिद्ध भेटिएका छन्। चराविज्ञ डगौराका अनुसार गणनाका क्रममा सानो खैरो गिद्ध नौ, डङ्गर गिद्ध चार सय ४२, सुन गिद्ध १४, गोव्रे गिद्ध नौ, हिमाली गिद्ध ९४ र हाडफोर गिद्ध पाँचवटा देखापरेका छन्। लामो ठुँडे गिद्ध, राजगिद्ध र सानो खैरो गिद्ध हिउँदमा मात्र देखापर्ने भएकाले गणनमा समावेश गरिएको छैन।

कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, बाजुरा र दार्चुलामा गणना गरिएको थियो।

सबभन्दा बढी कञ्चनपुर र कम दार्चुलामा भेटिएका छन्। गिद्ध आफैं सिकार नगर्ने तर मरेका जनावरको सिनो खाने चराका रूपमा चिनिन्छ। गिद्धलाई 'प्रकृतिको कुचीकार' पनि भनिन्छ।

गिद्धले वातावरणलाई दुर्गन्धित र प्रदूषित हुनबाट जोगाउनुका साथै हैजा, आउँ, झाडापखाला, रेबिज, प्लेग, क्षयरोग, एनथ्राक्सजस्ता रोग फैलिनबाट नियन्त्रण गर्ने भूमिका निर्वाह गर्ने उहाँ बताउनुहुन्छ। संरक्षणकर्मीका अनुसार गिद्ध वातावरणीय चक्रको अभिन्न हिस्सा हुन्। खाद्य शृङ्खलामा सन्तुलन कायम राख्न गिद्धको उपस्थिति अपरिहार्य हुन्छ। यदि गिद्ध नहुने हो भने वातावरणीय प्रदूषणमात्र होइन, महामारीको जोखिम पनि बढ्ने खतरा रहन्छ।

गिद्ध सङ्ख्या बढ्नु उत्साहजनक भए पनि संरक्षणकर्मीहरूले अझै पनि गिद्ध संवेदनशील अवस्थामा रहेको बताएका छन्। पशु उपचारमा प्रयोग हुने केही रासायनिक औषधि, गुँड नष्ट हुने गतिविधि, बासस्थान अतिक्रमण र वातावरणीय असन्तुलन गिद्ध संरक्षणका लागि प्रमुख चुनौतीका रूपमा रहेको चरा संरक्षणकर्मी सुवन चौधरी बताउछन।

'विशेषगरी डाइक्लोफेनेकजस्ता औषधिको प्रयोगले गिद्ध मृत्युदर बढाउने गरेको छ', उनले भने, 'यसका विकल्पलाई प्रोत्साहन गर्ने, पशुपालकलाई सचेत गर्ने र स्थानीय समुदायलाई संरक्षणमा सहभागी गराउने आवश्यकता देखिन्छ, समुदायमा गिद्धसम्बन्धी चेतना फैलाउने कार्यमा सक्रिय भएर लागेका पनि छौँ।'

गिद्धको बढ्दो सङ्ख्या सकारात्मक सङ्केत भए पनि दीर्घकालीन संरक्षण रणनीति अपरिहार्य छ। गुँड संरक्षण, औषधि नियन्त्रण, बासस्थान व्यवस्थापन र स्थानीयस्तरमा सचेतना कार्यक्रमलाई प्राथमिकतामा राख्न सकेमात्र गिद्धको दीर्घकालीन रूपमा अस्तित्व सुनिश्चित गर्न सकिन्छ।रासस

# चितवनको जनजीवन पूर्ववत् अवस्थामा फर्किँदै

**चितवन।**
जेनजी आन्दोलनका कारण बन्द भएका यहाँका विद्यालय आईतवारदेखि सञ्चालनमा आउने भएका छन्। यही भदौ २४ गतेदेखि सामुदायिक तथा संस्थागत विद्यालय विद्यालय बन्द भएका थिए।

शनिबार जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्दै जिल्लाका सम्पूर्ण विद्यालयमा पठनपाठन सुरु गर्न आग्रह गरेको थियो। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालद्वारा जारी सूचनामा जिल्लाको जनजीवन शान्त बन्दै गएकाले सम्पूर्ण शैक्षिक संस्था तथा लामो एवं छोटो दूरीका सवारीसाधान सञ्चालन गर्न भनिएको छ।

आजदेखि सबै कार्यालयबाट सम्भव भएसम्मका सेवाहरू उपलब्ध गराउनसमेत निर्देशन दिइएको छ।

सेवा उपलब्ध गराउन नसक्ने कार्यालयको हकमा सोहीबमोजिमको सूचना सम्प्रेषण गर्ने, सबै कार्यालयले सेवाग्राहीलाई नम्र एवं विनयशील रूपमा प्रस्तुत भई संवाद गर्ने सूचनामा उल्लेख छ।

तोडफोड, आगजनी भएका कार्यालयको सरसफाइ कार्यालयकै कर्मचारीबाट गराउने तथा कार्यालयका कर्मचारी सम्भव नहुने प्रकृतिका सरसफाइ कार्यका लागि थप जनशक्ति व्यवस्थापन प्रयोजनका लागि जिल्ला प्रहरी कार्यालयसँग समन्वय गर्ने, नेपाल विद्युत् प्राधिकरणले जलेका मिटर तत्काल जडान गर्ने, खानेपानी कार्यालयले खानेपानी आपूर्तिको सुनिश्चित गर्न निर्देशन दिइएको छ।

कार्यालय प्रमुखहरूको बैठकले सो निर्णय गरेको अर्यालद्धारा जारी सूचनामा जनाइएको छ।

तोडफोड तथा आगजनीबाट भएको क्षति मूल्याङ्कनका लागि गठित समितिसँग समन्वय गरी तत्काल क्षतिको विवरण एकिन गर्नसमेत सबै कार्यालयलाई निर्देशन दिइएको छ।रासस

# आगजनी, तोडफोड र लुटपाटमा संलग्न ६ जना पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले गत भदौ २३ र २४ गते जेन्जी पुस्ताको प्रदर्शनको नाममा भएको आगजनी, तोडफोड र लुटपाटमा संलग्न ६ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नरहरि रेग्मीले आइतबार पक्राउ परेकाबारे जानकारी दिएका हुन् । एसपी रेग्मीका अनुसार पहिलो घटनामा संलग्नहरुमध्ये पक्राउ पर्नेमा शहीदनगर नगरपालिका–३ का शिवम साह र जनकपुरधाम उपमहानगरपालिका–१३ का काले पटेल छन् । उनीहरूले प्रदेश लोक सेवा आयोगको कार्यालयमा गेट र सीसीटिभी तोडफोड गर्नुका साथै गाडीमा आगजनी गरेका थिए । त्यतिमात्र नभई प्रहरीले प्रयोग गर्ने केही हतियार समेत लुटेर फरार भएका थिए । यस्तै, जनकपुरधाम–८ स्थित बलवा प्रहरी चौकीमा तोडफोड र आगजनीमा संलग्न निरोज मिश्र र कृष्ण यादव पक्राउ परेका छन् । त्यसैगरी, मधेश प्रदेशका विभिन्न मन्त्रालयभित्र तोडफोड, आगजनी र लुटपाट गरी कम्प्युटर, प्रिन्टरलगायत सामग्री चोरी गर्नेमा चन्दनकुमार साह र गौतम भगत पक्राउ परेका छन् । उनीहरूको साथबाट दुई थान कम्प्युटर, एक थान प्रिन्टरसहितका सामानहरू बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले पक्राउ परेका सबैलाई सार्वजनिक अपराध र सरकारी सम्पत्तिमा क्षति पुर्याएको आरोपमा अनुसन्धान अघि बढाइएको जानकारी दिएको छ । एसपी रेग्मीका अनुसार थप संलग्न व्यक्तिहरूको खोजी कार्य जारी छ । यसै गरि धनुषा प्रहरीले सिन्धुली तथा महोत्तरीको जलेश्वर कारागारबाट फरार भएका १० जना अन्य नेपाली बन्दीहरूलाईसमेत पक्राउ गरेको छ । सिन्धुली तथा जलेश्वर कारागारबाट फरार भएका बन्दीहरूलाई २६ गतेदेखि आइतबारसम्ममा पक्राउ गरिएको धनुषाका प्रहरी नायव उपरीक्षक बरुण बहादुर सिंहले जानकारी दिए । पक्राउ पर्ने नेपाली कैदीहरू माथि कर्तव्य ज्यान, जबरजस्ती करणी, ज्यान उद्योग तथा लागु औषधका आरोपीहरू रहेका छन् ।

# धनुषाबाट चार विदेशी कैदीबन्दी पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले जेलबाट फरार चार जना विदेशी कैदीबन्दीलाई पक्राउ गरेको छ । तीन जना नाइजेरियन र १ जना ब्राजिलका गरी चार विदेशी कैदीबन्दी नेपाल–भारत सीमा क्षेत्र दशगजाबाट पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा नाइजेरिय नगरिकहरु ३८ वर्षीय मो. लामिन्स डाबो, ३५ वर्षीय ग्लोरी बडे र ५५ वर्षीय इमनिउल ओगुडा उजिगवे रहेको धनुषाका प्रहरी प्रवक्ता डीएसपी बरुणबहादुर सिंहले जानकारी दिए । यस्तै ब्राजिलका नागरिक २५ वर्षीय लारेसन ब्रिटो रहेका छन् । जेन्जीको आन्दोलन चर्केपछि २४ भदौमा उनीहरू नख्खु कारागारबाट भागेको खुलेको छ ।
प्रहरीका अनुसार उनीहरू लागुऔषध र भिसा टेड समाप्त भएको अभियोगमा जेलमा थिए । उनीहरूलाई भारत बिहारको बासोपट्टी क्षेत्रबाट पक्राउ गरेर धनुषा प्रहरीले ल्याएको प्रहरीले बताएको छ ।

# राजविराज नगरपालिकामा करोडौँको क्षति

## ११ लाख नगदसहित ३० वटा सवारीसाधन जलेर नष्ट

**मनोज माझी**
**सप्तरी ।**
जेन्जीको आन्दोलनका क्रममा जिल्लामा भएको आगजनी र तोडफोडबाट सबैभन्दा बढी राजविराज नगरपालिका कार्यालयमा क्षति पुगेको पाइएको छ । स्थिति सामान्य बन्दै जाँदा जिल्ला प्रशासन कार्यालय सप्तरीले कफ्र्यु आदेश फिर्ता लिएपछि आइतबार नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको बैठकले क्षतिको यकिन विवरण संकलन गर्ने काम शुरु गर्ने निर्णय गरेको छ । निर्णय भएसँगै क्षतिको रकम यकिन गर्ने काम पनि प्राविधिकहरुमार्फत शुरु गरिएको छ । कार्यवाहक नगरप्रमुख इसरत परविनले गत मंगलबार जिल्लामा भएको आगजनी तथा तोडफोडबाट सबैभन्दा बढी राजविराज नगरपालिका कार्यालयलाई क्षति पुगेको बताइन् । 'जनताको करबाट बनेको संरचना र नगर स्थापना कालदेखी नै सुरक्षित राखिएका महत्वपूर्ण दस्तावेजहरु जलाउनु उचित होइन्,' उनले भनिन, 'नगरवासीले तिरेको



करले ठडिएका कार्यालयको संरचना र जोडिएका सम्पत्ति जोगाउने जिम्मा हामी सबैको हो ।'
उक्त घटनाले आफूलाई निकै मर्माहत पारेको भन्दै उनले अब पुर्ननिर्माणमा जुट्ने र बन्द हुन पुगेको सेवाहरु छिटो भन्दा छिटो संचालनमा ल्याउन आफूहरु लागिपरेको सुनाइन् । नगरपालिकाको राजश्व फाँटका कर्मचारी शितल दासका अनुसार आन्दोलनको निहुँमा प्रदर्शनकारीहरुले गरेको तोडफोड र आगजनीबाट राजश्व फाँटमा विभिन्न दस्तुरबापत सेवाग्रहीहरुबाट प्राप्त करिब ११ लाख रुँपैया नगद जलेर नष्ट भएको छ । नगरपालिकाका योजना अधिकृत मनोज यादवले ५ वटा ट्याक्टर, ३ वटा टिपर, २ वटा बारुणयन्त्र, एकरएक वटा जेसिबी, सेन्सन मेशिन जडान भएको गाडी, एम्बुलेन्स, कार, स्कारपियो र १५ वटा मोटरसाइकल पूर्ण रुपमा जलेर नष्ट भएको जानकारी दिए । यस्तै विभिन्न फाँटमा राखिएका दर्जनौं ल्यापटप र कम्प्युटरहरु पनि जलेर खरानी भएको उनको भनाइ छ । नगर स्थापना कालदेखी नै राखिएका रेकर्ड, फाइल र प्रमाणहरु जस्ता महत्वपूर्ण कागजातहरु पनि जलेर खरानी भएको नक्सा फाँटका प्रमुख ओमप्रकाश साहले जानकारी दिए । आगजनीबाट कार्यालयको दुई तल्ले भवनको कोठाहरु मध्ये १८ वटा कोठा भवन पनि जलेर जिर्ण अवस्थामा पुगेको तथा कुनै बेला पनि भत्किने अवस्थामा रहेको नगरपालिकाको सहरी पूर्वाधार फाँटका प्रमुख अजय यादवले जानकारी दिए । उनले जलेर ढल्नै लागेको अवस्थामा रहेको भवनभित्र काम गर्न जोखिमपूर्ण र कठिन भएको बताए । नगरपालिकामा भएको ती सबै क्षतिको पूर्ती गर्न र पुर्ननिर्माण गर्न झण्डै ३० करोड भन्दा बढी रुँपैया खर्च लाग्ने अनुमान गरिएको छ । जेनजीको हिंसात्मक आन्दोलनका क्रममा नगरपालिका कार्यालय मात्र नभइ सघन शहरी, पूर्वाधार विकास, डिभिजन वन, जिल्ला अदालत, उच्च अदालत, हुलाक, नापी, निर्वाचन, यातायात सेवा कार्यालय लगायत नेकपा एमाले, नेपाली काँग्रेस, जनमत, जसपा नेपाल लगायतको पार्टी कार्यालय समेतमा तोडफोड र आगजनी भएको थियो । ती कार्यालयहरुबाट समेत क्षतिको विवरण संकलन गर्ने काम भइरहेको स्थानीय प्रशासनले जनाएको छ ।

# जनकपुरमा सामान्यतर्फ फर्किंदै

## जनजीवनः रेल, बस र विद्यालय सञ्चालन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जेन्जी पुस्ताको आन्दोलनका कारण केही दिन अवरुद्ध भएका जनकपुरधामका यातायात, शैक्षिक र प्रशासनिक सेवा क्रमशः सामान्य अवस्थामा फर्किन थालेका छन् । आन्दोलनपश्चात उत्पन्न अस्थिर वातावरणले नागरिक जीवन अस्तव्यस्त भए पनि आइतबारदेखि सार्वजनिक यातायात र आजबाट शैक्षिक संस्थाहरू सञ्चालनमा आउने भएपछि स्थानीयवासीमा सहजता महसुस हुन थालेको छ ।
नेपाल रेल्वेका सहायक केवलबहादुर नेपालीका अनुसार भारतमा मर्मत तथा सर्भिसिङ गरेर ल्याइएको रेल आइतबार बिहान ११ बजे जयनगरबाट जनकपुरधाम आइपुगेपछि सेवा पुनः शुरु भएको हो । उनका अनुसार हाल तीनवटा समयतालिका तय गरी रेल सञ्चालन गरिनेछ । यसले लामो समयदेखि रेलमा भर पर्ने यात्रुहरूलाई राहत मिल्ने विश्वास लिइएको छ । यसैगरी आन्दोलनका कारण रोकिएको बस सेवा पनि आइतबारदेखि सुचारु भएको छ । माँ जानकी यातायात व्यवसायी संघका अध्यक्ष मनोज चौधरीले यात्रुको सुरक्षालाई ध्यानमा राखेर आन्दोलनका दिनमा सेवा रोकिनु परेको बताए । तर, अवस्था सामान्य भएपछि पुनः सञ्चालनमा आएको र यात्रुहरूले सहज रूपमा आवतजावत गर्न पाउने उनले स्पष्ट पारे । शैक्षिक क्षेत्रमा समेत स्थिति सामान्य हुँदै गएको छ । लामो समय बन्द रहेका विद्यालयहरू आजदेखि सञ्चालन भएका छन् । एनप्याब्सन जनकपुरधाम नगर अध्यक्ष दीपक कुमार ठाकुरले विद्यालय बन्द हुँदा विद्यार्थीको पढाइ प्रभावित भएको भन्दै पठनपाठन अब नियमित हुने बताए । उनले शनिबारै प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यलाई यसबारे औपचारिक जानकारी गराइएको पनि उल्लेख गरे । स्थानीय प्रशासनका अनुसार आन्दोलनले प्रभावित पारेका विभिन्न सार्वजनिक संरचना र सेवा क्रमशः पुनः सञ्चालनमा आएसँगै जनजीवन सामान्य बन्दै गएको छ । सेवाहरू सुचारु भएपछि यात्रु, विद्यार्थी र आम नागरिकलाई राहत हुने र समुदायमा स्थिरता फर्काउने विश्वास व्यक्त गरिएको छ । सरोकारवालाहरूले अहिले देखिएको सहजता टिकाइराख्न सबै पक्षको जिम्मेवारी महत्त्वपूर्ण रहेको भन्दै राजनीतिक दल, नागरिक समाज र प्रशासनबीच सहकार्य आवश्यक रहेको धारणा राखेका छन् ।

# जनकपुरधाम उपमहानगर सञ्चालनमा आउन कम्तीमा एक महिना लाग्ने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हालैको जेन्जी आन्दोलनका क्रममा हिंसात्मक प्रदर्शन र आगजनीबाट पूर्ण रूपमा क्षतिग्रस्त बनेको जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय कम्तीमा एक महिना भित्र मात्रै सञ्चालनमा आउन सक्ने भएको छ । आन्दोलनकारीहरूले मङ्गलबार उपमहानगरको पाँच तले भवनमा आगजनी गर्दा करिब ९५ प्रतिशत संरचना र सम्पत्ति खरानी बनेको जनाइएको छ । उपमहानगरपालिका कर शाखाका प्रमुख तथा प्रवक्ता परमेश झाले आगलागीले कार्यालयमा रहेका कागजातदेखि विद्युतीय सामग्रीसम्म सबै नष्ट भएको बताए । उनका अनुसार वितरणका लागि राखिएका करिब २०० ग्यास सिलिण्डरमध्ये ७८ वटा विस्फोट हुँदा भवनको पछाडिको भाग पूर्णरूपमा



ध्वस्त भएको छ । 'तत्काल कम्प्युटर, प्रिन्टरलगायत आवश्यक सामग्री पुनः खरिद गर्नुपर्ने अवस्था छ । सरसफाइदेखि खरिदसम्मका कामलाई छिटो शुरु गरे पनि कम्तीमा एक महिना लाग्छ,' झाले भने । आगलागीका कारण उपमहानगर प्रमुखको कार्यकक्ष, अभिलेख शाखा र लेखा शाखाबाहेक अन्य सबै शाखा जलेर नष्ट भएका छन् । साथै, कार्यालय परिसरमा रहेका एक एम्बुलेन्स, दुई वटा गाडी र आधा दर्जनभन्दा बढी मोटरसाइकल पनि जलेर खरानी भएका छन् । उपमहानगर प्रमुख मनोज साहले कार्यालयको ९५ प्रतिशत सम्पत्ति ध्वस्त भएको पुष्टि गर्दै तत्काल सञ्चालन सम्भव नभएको स्पष्ट पारे । 'जलेका कागजात, फर्निचर, कम्प्युटर, प्रिन्टर, हार्डड्राइभ लगायतका सामग्री व्यवस्थापन गरेर कार्यालयलाई पुरानै अवस्थामा फर्काउन अझै लामो समय लाग्नेछ,' साहले भने । आगलागीपछि प्रशासनिक काममा ठूलो अवरोध सिर्जना भएको छ । उपमहानगरपालिकाले चोरी वा लुटिएका सामग्री फिर्ता ल्याउने अभियान शुरु गरेको छ ।
यस क्रममा नगर प्रहरी र सम्बन्धित अधिकारीहरूले लुटिएको सामान स्वेच्छाले फिर्ता गर्नेहरूलाई कानुनी राहत दिने चेतावनी दिएका छन् भने नफिर्ता गर्ने वा अवैध रूपमा राख्नेहरूमाथि कडा कारबाही गर्ने तयारी गरिएको छ । यसैबीच, नेकपा एमालेका नेता शिवशंकर साह 'हिरा' ले व्यक्तिगत रूपमा १ लाख ५१ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गर्दै उपमहानगरको पुनर्निर्माणमा सबैलाई हातेमालो गर्न अपील गरेका छन् । उनका अनुसार जनकपुरधामको प्रशासनिक काम सुचारु राख्नका लागि दल, समुदाय र नागरिक सबैले मिलेर पुनर्निर्माणमा जुट्नु आवश्यक छ ।

# जनकपुरका निजी विद्यालयहरूको सहयोग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जेन्जी आन्दोलनका क्रममा जनकपुरधाममा भएको तोडफोड र क्षतिपछि निजी विद्यालय समुदायले एकजुट भएर सहयोग हस्तान्तरण गरेका छन् । संकटको घडीमा सामाजिक उत्तरदायित्व निर्वाह गर्ने उद्देश्यले विभिन्न निजी विद्यालय संगठनहरूले आवश्यक सामग्री खरिदका लागि नगद सहयोग उपलब्ध गराएका हुन् । आइतबार जनकपुरधामको जिरोमाइलस्थित ट्राफिक कार्यालयमा आयोजित कार्यक्रममा एन प्याब्सन जनकपुरधामले १० हजार, हिसान धनुषाले ७ हजार र हिमाली बोर्डिङ स्कुलले ३ हजार रुपैयाँ हस्तान्तरण गरेका छन् ।
कार्यक्रममा बोल्दै एनप्याब्सन जनकपुरधाम नगर अध्यक्ष दिपक कुमार ठाकुरले निजी विद्यालय समुदाय सामाजिक संकटका बेला कहिल्यै पछि



नहट्ने स्पष्ट पारे । उनले भने, 'चाहे कोरोनाकाल होस् वा बाढी पहिरो, हाम्रो समुदाय अग्रसर भएर अगाडि आएको छ । र, भविष्यमा पनि आउनेछ ।' त्यस्तै हिसान धनुषाका अध्यक्ष सञ्जीव ठाकुरले आन्दोलनका क्रममा हराएका वा लुटिएका सामग्री कतै देखेमा तत्काल प्रहरीलाई खबर गर्न विद्यार्थी, शिक्षक र अभिभावक सबैलाई आग्रह गरे । उनले विद्यालय समुदाय केवल शैक्षिक क्षेत्रमै सीमित नभई शान्ति, सद्भाव र सामाजिक उत्तरदायित्वप्रति समेत सचेत रहेको बताए । सहयोग हस्तान्तरण कार्यक्रममा एनप्याब्सनका वरिष्ठ उपाध्यक्ष बजेन्द्र मिश्र, धनुषा एनप्याब्सनका वरिष्ठ उपाध्यक्ष प्रमोद अग्रवाल लगायतको उपस्थिति रहेको थियो । विद्यालय क्षेत्रबाट आएको यस सहयोगलाई स्थानीय प्रशासनले स्वागत गर्दै पुनःस्थापनामा ठोस टेवा पुग्ने विश्वास व्यक्त गरेको छ । विशेष गरी ट्राफिक कार्यालयमार्फत जनकपुरधामको सडक तथा सुरक्षासम्बन्धी पूर्वाधार पुनः सञ्चालनमा ल्याउन यसले महत्त्वपूर्ण योगदान गर्ने जनाइएको छ । स्थानीय सरोकारवालाहरूले पनि निजी विद्यालयहरूले देखाएको तत्परताप्रति आभार प्रकट गर्दै भोलिका दिनमा अन्य संस्थाहरूले पनि यसैगरी सामाजिक उत्तरदायित्व वहन गर्नुपर्ने धारणा राखेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन